# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

बु.सं. २५६६, यैंया पुन्हि:
वर्ष: ४३, अङ्क: ५




**धर्मकीर्ति विहारमा स्थापित भिक्षुणी महाप्रजापति गौतमीको प्रतिमा**

*(यैंया पुन्हिका दिन उहाँ अस्सी वर्षको उमेरमा भिक्षुणी प्रव्रजित हुनु भएको उपलक्ष्यमा स्थापित)*

# २०८२ श्रावण ३० गते उपासिका अष्टमाया महर्जनजुया बुंदिया उपलक्ष्ये न्हिच्छि अभिधर्म पाठ



अभिधर्मया महत्त्व विषय धर्मदेशना
यानाबिज्यास्य श्रद्धेय डा. धम्मवती गुरुमां



धम्मसङ्गणि पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
सुजाता व केशावती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
अनुपमा व खेमावती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं पञ्ञावती, त्यागवती, ईन्दावती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं सुमना व उपनन्द




कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती व मेत्तावती



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमंपिं सुनन्दावती व वीर्यवती




पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
जवनवती, करुणावती व कुशलावती



अभिधर्म पाठ श्रवण यायेगु भ्वलय्
दाता उपासिका अष्टमाया महर्जन



अभिधर्म पाठ श्रवण यानादिपिं उपासक-उपासिकापिं

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२५

बिक्रम सम्बत् २०८२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**7th SEPT 2025**

| वर्ष- ४३ | अङ्क- ५ | यँया पुन्हि | भाद्र २०८२ |
|---|---|---|---|





★ येसं सन्निचयो नत्थि - ये परिञ्ञात भोजना
सुञ्ञतो अनिमित्तो च - विमोक्खो यस्स गोचरो
आकासे व सकुन्तानं - गति तेसं दुरन्नया

★ **मुंकातय् धयागु मदय्धुंकूम्हसिया, भोजने मात्राछि ज्ञान दुम्हसिया, शून्य स्वरुपगु अनिमित्तयात गोचर याना च्वम्हसिया गति, आकाशे ब्वयावंम्ह भंगःया गति सीके मफईगु थें सीके फैमखु ।**

★ **जसले संग्रह गर्दैन, जो भोजनमा संयमी छ, जुन व्यक्ति शून्यस्वरुप निर्वाणमा दत्तचित्त छ, त्यस व्यक्तिको गति आकाशमा उडिरहेको पंक्षीको गति जस्तै देख्न कठिन हुन्छ ।**

★ **Those who amass nothing, who eat moderately, who have perceived the emptiness of all things and who have attained unconditioned liberation, their path is as difficult to trace as that of a bird in the air.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- 'महाप्रजापति गौतमी' भिक्षुणी शासनमा प्रव्रजित हुनुभएको दिन 'यँया पुन्हि' | – | ३ |
| ३) | अग्रश्रावक सारिपुत्त-४ (महाप्रज्ञावानहरू मध्ये अग्र) | – सत्यनारायण गोयन्का | ४ |
| ४) | नारी जातीको उत्थानका लागि महाप्रजापति गौतमीको योगदान | – वीर्यवती | ८ |
| ५) | बौद्ध साहितयमा चतुर्बह्रम विहारको उपादेयता | – कृष्ण कुमार प्रजापति | १४ |
| ६) | Life as a Dharmachhakra Wheel | – Lekh Ratna Shakya | 16 |
| ७) | धर्मप्रचार समाचार | – | १७ |




*शाक्यमुनी बुद्ध शासनको पहिलो भिक्षुणी महाप्रजापति गौतमी*

## ▪ सम्पादकीय ▪

# "महाप्रजापति गौतमी" भिक्षुणी शासनमा प्रव्रजित हुनुभएको दिन "यैंया पुन्हि"

शाक्यमुनि बुद्धकालिन समय लिंगभेद भएको समय भए पनि भगवान् बुद्धले लिंगभेदलाई स्वीकार्नुभएको देखिँदैन । लिंगभेद जस्तो विकृतीमा जकडिएको त्यस समाजमा शुरु शुरुमा नारी वर्गलाई प्रव्रज्या दिलाउन नकारात्मक धारणा सृजना गरिरहेको अवस्थालाई मध्यनजर राखी भगवान् बुद्धले समाजले नारी शक्तिको पहिचान गरोस् भनी "**महाप्रजापति गौतमीलाई ३ पटकसम्म प्रव्रज्याको अनुमति नदिई फर्काइएको**" कुरा ग्रन्थमा उल्लेख गरिएको पाइन्छ ।

जब महाप्रजापति गौतमी सहित ५०० जना नारीहरूले आफ्नो हौसला नत्यागी सहनशीलताको परीक्षामा उत्तीर्ण हुनुभयो, तब निश्वार्थपूर्ण त्याग चेतनाको शक्ति प्रकट गर्न सफल हुनुभयो । त्यसैले उहाँहरूले भगवान् बुद्धबाट प्रव्रज्या जीवनमा प्रवेश गर्ने अनुमति प्राप्त गर्न सफल हुनुभयो ।

इतिहासको पाना पल्टाउँदै जाने हो भने वालुवाका कणहरूको प्रमाणले यस संसारमा भगवान् बुद्धहरू उत्पन्न भइसकेका छन् । ती मध्ये (२८ जना बुद्धहरूको जीवन उल्लेखित बुद्ध वंशमा) हरेक बुद्धहरूको जीवनमा उहाँहरूले भिक्षु, भिक्षुणी, उपासक र उपासिका भनी चतुपरिषद स्थापना गर्नुभएको देखिन्छ । ती चतुपरिषद्लाई नै बुद्ध शासनरूपी रथका चार पांग्राको रूपमा लिइएका छन् । कुनैपनि बुद्धको शासनमा ३ वटा मात्र पांग्राले बुद्ध शासनरूपी रथ गुडाइएको देखिएको छैन । भगवान् बुद्धलाई तथागत (तथ + आगत) को रूपमा लिइएको छ । यसको अर्थ हो – पहिलाका बुद्धहरूले जसरी शासन चलाउनु हुन्छ, त्यसरी नै वर्तमान बुद्ध शासन चलाउनु हुने व्यक्ति ।

त्यसैले शाक्यमुनि बुद्धले मात्र भिक्षुणी शासनको विरोध गरी महाप्रजापति गौतमीलाई बुद्ध शासनमा स्थान नदिने त सम्भव नै छैन । भिक्षु आनन्दको आग्रह नकार्न नसकेको कारणले मात्र महाप्रजापति गौतमीलाई भिक्षुणी शासनमा प्रवेश गराइएको भन्ने गलत धारणाको कुनै मान्यता देखिएन । किनभने भगवान् बुद्ध प्रकृतीवादी हुनुहुन्छ । उहाँले, कसैको बहकावमा आई काम गर्ने र कुरा गर्ने सम्भव नै छैन । उहाँले जति पनि कार्य गर्नुहुन्छ, केवल परिस्थितिको गतिविधि अध्ययन गर्दै विवेक, बुद्धि पुऱ्याई बिस्तार-बिस्तारै सामाजिक विकृतीहरूलाई हटाउनको लागि कुशल उपायहरू अपनाउने गर्नुहुन्छ । त्यसैले उहाँले अपनाउनु भएका यी कुशल उपायलाई सकारात्मक ढंगले सोच्नुपर्ने कर्त्तव्य हाम्रो हो ।

प्रजापति गौतमीले आफ्नो ८० वर्षिय बृद्धावस्थामा पनि समाजको प्रतिकूल परिस्थितिलाई परबाह नगरी नारीहरूलाई प्रव्रज्या जीवन दिलाउन संघर्ष गर्नुभयो । यसरी आफू सहित अन्य ५०० जना राजकुमारीहरूका साथ यैंया पुन्हि (आजकै दिन) भिक्षुणी हुनुभई सर्वप्रथम भिक्षुणी हुनुहुने साहसी नारी बन्नुभयो ।

भिक्षुणी हुनुभई ४० वर्षसम्म धर्मप्रचार गर्नुहुँदै आफूमा रहेका क्लेशहरू नष्ट पारी अन्य ५०० जना (राजकुमारीहरू) भिक्षुणीहरू पनि ऋद्धि सहित अरहन्त हुनुभएको थियो । १२० वर्षको उमेरमा बैशाख पूर्णिमाको ६ दिनपछि षष्ठी तिथिमा उहाँ प्रजापति गौतमी ५०० जना (राजकुमारी) भिक्षुणीहरूका साथ परिनिर्वाण हुनुभएकी थिइन् ।

परिनिर्वाण हुनु अगाडि भगवान् बुद्ध समक्ष परिनिर्वाण हुनको लागि बिदा माग्न आउनु हुँदा भगवान् बुद्धले नारी शक्ति विषयमा अरूलाई पनि जानकारी रहोस् भन्ने तात्पर्यका साथ प्रजापति गौतमीलाई ऋद्धि प्रदर्शन गरेर मात्र परिनिर्वाण हुन आदेश दिनुभएको थियो । यस घटनाबाट पनि स्पष्ट हुन्छ पुरुष प्रधान समाजमा नारीहरू पनि ज्ञान र लौकिक शक्ति प्राप्त गर्ने क्षेत्रमा पुरुष समान नै सक्षम छन् भन्ने कुराको जानकारी भगवान् बुद्धले दिन चाहनुहुन्छ । यसरी भगवान् बुद्धको लागि नारी र पुरुषमा कति पनि भेदभाव रहेनछ ।

नारीहरूका लागि भिक्षुणी शासनको ढोका उघारिदिनुहुने महाप्रजापति गौतमीको महान देनलाई सम्पूर्ण प्रव्रजित नारी वर्गले स्मरण गर्न अत्यावश्यक नै देखिन्छ । महाप्रजापति गौतमीको प्रव्रज्या दिन "यैंयाः पुन्हि" को पावन अवसरमा "भिक्षुणी प्रातिमोक्ष" अर्थात्- भिक्षुणी विनय पाली भाषामा वाचन गर्दै महाप्रजापति गौतमीको देनलाई स्मरण गरौं । भवतु सब्ब मंगलम् ।



# अग्रश्रावक सारिपुत्त-४

**( महाप्रज्ञावानहरू मध्ये अग्र )**

✍ **सत्यनारायण गोयन्का**

एकसमय भगवान श्रावस्तीको जेतवनमा रहनु हुँदा भिक्षुहरूको परिषदलाई धर्मोपदेश दिनु हुँदै भन्नुभयो "यदि तिमीहरू घरबार त्यागेर भिक्षु बनेका छौ भने सारिपुत्त र मोग्गल्लान झैं बन्नु । मेरा भिक्षु श्रावकहरू मध्येमा यी दुई आदर्श मानिन्छन् ।"

वर्षावास सक्किए पछि भिक्षुहरू भगवान शास्तालाई भेट्न जान्थे र वर्षावासमा आफूहरूले गरेको तपश्या-साधना आदिको बारेमा भगवानलाई बताउँथे– "तथागतसंग कर्मस्थान प्राप्त गरिसके पछि मैले यसरी सोतापत्ति फल प्राप्त गरें, कोही भन्थे यसरी अर्हत्व फल प्राप्त भयो....आदि ।" यसरी आफूहरूले प्राप्त गरेको गुणहरूका बारेमा भगवानलाई अवगत गराउनु हुन्थ्यो । भगवानलाई भेटेर फर्कने भिक्षुहरूलाई, उहाँ पुनः अग्रश्रावकहरू कहाँ भेट्न पठाउनु हुन्थ्यो र भन्नु हुन्थ्यो, "भिक्षुहरू, सारिपुत्त र मोग्गल्लानसंग अनुमति लिएर जानु ।" तब कोही भिक्षु सोध्दथे, "भन्ते, हामी किन सारिपुत्त र महामोग्गल्लानसंग अनुमति लिने ?"

तब भगवान ती दुईजना अग्रश्रावकहरूको दर्शनको लागि प्रेरित गर्दै भन्नु हुन्थ्यो, "भिक्षुहरू, सारिपुत्त र महामोग्गल्लानको संगत गर्नु । उनीहरू ज्ञानी छन् । पण्डित छन् । सब्रह्मचारिहरू प्रति सम्मान गर्दछन् । सारिपुत्त जन्म दिने जननी (आमा) समान हुन् भने महामोग्गल्लान पोषण दिएर पाल्ने (बुबा) समान हुन् । सारिपुत्त सोतापत्ति फलमा प्रतिस्थित गर्दछ भने महामोग्गल्लान निर्वाणमा प्रतिस्थित गर्दछ ।"

— ❀ —

आयुष्मान सारिपुत्त र आयुष्मान महामोग्गल्लानले भगवानका शिष्य अश्वजितसंग सबैभन्दा पहिला धर्म सिकेका थिए । पछि आफ्ना पूर्व आचार्य संजयसंग अनुमति लिएर भगवानको शरणका आएका थिए ।

आयुष्मान सारिपुत्त स्थविर अश्वजितसंग विहारमा रहनुहुँदा उहाँ पहिला भगवानको सेवा गर्दथे त्यस पछि मात्र स्थविर अश्वजितको सेवा गर्न जान्थे । आफ्नो आचार्य अश्वजितको प्रति सारिपुत्तको अत्यन्त गौरव भाव थियो । उनी भन्दथे, "श्रमण अश्वजित मेरा प्रथम आचार्य हुनुहुन्छ, उहाँसंग पहिलो पटक भगवानको धर्म सिकेको हुँ ।" तर, जब स्थविर अश्वजित एउटै विहारमा नभएको समय, अश्वजित जुन दिशामा विहार गरिरहेको हुन्थ्यो त्यसतर्फ फर्केर उनलाई हात जोडेर पञ्चाङ्ग प्रणाम गर्दथे । यस्तो गरेको देखेर कतिपय भिक्षुहरूको समूहमा यस्तो कुरा पनि चल्यो कि "आयुष्मान सारिपुत्त अग्रश्रावक भएर पनि दिशालाई मानेर नमस्कार गर्दछन् । उनी अहिलेसम्म पनि ब्राह्मण दृष्टि मान्दछन् । त्यसबाट मुक्त हुन सकेको छैन ।"

साँझ धर्म सभामा भगवानले सोध्नु भयो– "भिक्षुहरू ! कुन विषयमा कुरा गर्दैछौ ?"

"भन्ते ! फलानो विषयमा ।"

तब भगवानले भन्नु भयो– "भिक्षुहरू ! सारिपुत्तले दिशालाई नमस्कार गरेको होइन, उनले आफ्नो आचार्य अश्वजितलाई नमस्कार गरेको हो । उनी आचार्यलाई पूजा गर्ने ब्यक्ति हुन् ।" यस्तो भन्नु हुँदै भगवानले एउटा गाथा भन्नुभयो ।

**"यस्मा हि धम्मं पुरियो विजञ्ञा, इन्दंव नं देवता पूजयेय्य ।**
**सो पूजितो तस्मि पसन्नचित्तो, बहुस्सुतो पातुकरोति धम्मं ॥"**

यदि कसैले धर्म सिकेको छ भने इन्द्रले पनि उसलाई पूजा गर्दछ । यसरी पूजा ग्रहण गरेर ऊ प्रसन्न हुन्छ र त्यस्तो विद्वान व्यक्तिले धर्मलाई पुनः प्रकाशित गर्दछ।

— ❀ —

एकसमय आयुष्मान सारिपुत्त र आयुष्मान महामोग्गल्लान राजगीरको वेलुवन कलंदकनिवापमा रहनु भएको थियो । त्यस समय आयुष्मान सारिपुत्त साँझपख आयुष्मान मोग्गल्लानलाई भेट्न गए र दुबैले एक आपसमा सञ्चो बिसञ्चोको कुरा पछि एक ठाउँमा बसे । आयुष्मान मोग्गल्लानको प्रसन्न मुद्रा देखेर सारिपुत्तले सोधे, "आयुष्मान आज तपाईंको इन्द्रियहरू विशेष रूपले प्रसन्न र मुहार तेजिलो र परिशुद्ध देखिन्छन् । के आज आयुष्मान शान्त विहारले विहार गर्नु भयो ?"

"आयुष्मान, आज मैले ओलारिक विहार गरेको छु र धार्मिक कथा पनि भयो ।"

"कोसंग धार्मिक कथा भयो ?"

"आवुस ! भगवानसंग भयो ।"

"भगवानसंग कुन विषयमा धर्मकथा भयो ?"

आयुष्मान, मैले भगवानसंग सोधें "भन्ते, आरब्धवीर्य-आरब्धवीर्य भनिन्छ; साँच्चै आरब्धवीर्य कस्तो हुनु पर्छ ?"

"आवुस ! यस्को उत्तर दिंदै भगवानले भन्नुभयो– छाला, नसा र हाड मात्र बाँकी रहने गरी, शरीरको मासु र रगत सुक्ने गरि उत्साह, वीर्य र पराक्रम गरेर जुन प्राप्त गर्नुपर्ने हो त्यो प्राप्त नहोउञ्जेल विश्राम नगरिकन लागिरहनुलाई नै आरब्धवीर्य भनिन्छ ।"

"आवुस ! भगवानसंग मेरो यही धर्म कथा भएको हो ।" महास्थविर महामोग्गल्लानको कथनको अनुमोदन गर्दै हर्ष पूर्वक महास्थविर सारिपुत्तले भन्नुभयो, "हिमालय जस्तो विशाल पर्वतको दाँजोमा कंकड-पत्थरको थूप्रो हुन्छ, त्यस्तै आयुष्मान महामोग्गल्लानको सामू हामी छौं । आयुष्मान, तपाईं महाऋद्धिशाली, महानुभाव हुनुहुन्छ । यदि तपाईं चाहनु हुन्छ भने एक कल्पसम्म पनि बाँच्न सक्नु हुन्छ ।"

फेरि महास्थविर महामोग्गल्लानले भन्नुभयो, "आयुष्मान, जस्तो नूनको विशाल पहाडको दाँजोमा नूनको एक दाना हुन्छ, त्यस्तै आयुष्मान सारिपुत्तको अगाडि हामी छौं । भगवानले पनि सारिपुत्तको अनेक प्रकारले प्रशंसा गर्नु भएको छ ।"

यसप्रकार दुई महावीरहरूले एक अर्काको प्रशंसा गरे र दुवैले एक अर्कालाई अनुमोदन पनि गरे ।

— ❀ —

एकपटक स्थविर सारिपुत्त आफ्ना पाँचसय शिष्य भिक्षु परिवार सहित देहातको एउटा विहारमा वर्षावास बस्नुभएको थियो । यस्तो थाहापाएर त्यहाँका उपासकहरूले धेरै वर्षावासिक चीवर दान दिने वचन दिए । वर्षावासको समय सक्किए पछि स्थविर सारिपुत्त तथा भिक्षुहरूले विधिवत रूपमा पवारणा सम्पन्न गरे । त्यस समयसम्म पनि उपासकहरूले वर्षावासिक चीवर ल्याएनन् । सारिपुत्तलाई भने समयमा नै भगवानलाई भेट्न श्रावस्ती जानु पर्ने थियो । त्यसैले आफ्ना भिक्षुहरूलाई सम्बोधन गर्दै भने, "वर्षावासिक प्राप्त भएपछि श्रामणेरहरूसंगै ती सामान पठाउनु अथवा ती सर सामान त्यहीं राखेर मलाई सन्देश गर्नु ।" यस्तो भनेर आफू शास्तालाई भेट्न जानुभयो ।

आयुष्मान सारिपुत्तको यस्तो निर्देशन सुनेर केही भिक्षुहरूको मनमा अझै पनि यी स्थविरको मनमा तृष्णा बाँकी रहेछ भन्ने लाग्यो । भिक्षुहरूले यी कुरालाई भगवान समक्ष राखे ।

यस्तो सुनेर भगवानले भन्नुभयो– "भिक्षुहरू ! यस्तो कहिले पनि नसोच्नु, यस्तो सोच्नु तिमीहरूको भूल हुनेछ । मेरा शिष्यको मनमा तृष्णाको नाम पनि छैन । यस्तो गर्नुको एउटा कारण दायकहरूलाई पूण्य गर्ने अवसर दिनको लागि हो भने अर्को कारण युवा श्रामणेरलाई धर्मद्वारा उत्पन्न लाभबाट वंचित हुन नदिनको लागि हो ।"

— ❀ —

एकसमय भगवान राजगीरको वेलुवन कलंदकनिवापमा विहार गरिरहनु भएको थियो ।

त्यस समय आयुष्मान सारिपुत्त र मोग्गल्लान पनि त्यहीं कपोत कन्दरामा विहार गरिरहेका थिए । यस्तो देखेर एकजना यक्षले अर्को आफ्नो मित्र यक्षलाई भने "मित्र ! मलाई यस श्रमणको टाउकोमा प्रहार गर्ने इच्छा भयो ।"

यस्तो सुनेर अर्को यक्षले भने, "मित्र रहन देऊ, यस श्रमणको पछि नलाग यिनको प्रताप बडा महान छ ।"

पहिलो यक्षले दुई तीन पटक आयुष्मान सारिपुत्तलाई प्रहार गर्न सोधे तर दोस्रो यक्षले तीनै पटक पनि यस्तो नगर्न सल्लाह दिए ।

तैपनि दोस्रो यक्षको कुरा नसुनिकन पहिलो यक्षले सारिपुत्तको टाउकोमा प्रहार गरी छाडे । त्यस प्रहारको शक्ति यति बलवान थियो कि त्यसबाट सात-आठवटा हात्ति पनि ढल्न सक्थ्यो, पहाड पनि टुक्रा-टुक्रा हुन सक्थ्यो ।

आयुष्मान महामोग्गल्लानले आफ्नो मित्र सारिपुत्तलाई यक्ष द्वारा प्रहार गरेको थाहापाए र सारिपुत्तलाई भेट्न गए, "आवुस ! कुशल छौ ? कुनै कष्ट त भएन ?"

"आवुस मोग्गल्लान ! विल्कुल ठीक छु , अँ मेरो टाउको अलि दुखेको झैं भएको छ ।"

"आवुस सारिपुत्त ! बडा आश्चर्य छ, बडा अद्‌भुत छ । यहाँको तेज र प्रताप बडो बलवान छ । कोही यक्षले यहाँको टाउकोमा प्रहार गरेको छ । त्यो प्रहार यस्तो शक्तिशाली थियो कि त्यसबाट सात-आठ वटा हात्ति पनि ढल्न सक्थ्यो, पहाड पनि टुक्रा-टुक्रा हुन सक्थ्यो ।"

यस्तो सुनेर आयुष्मान मोग्गल्लानको वर्णन गर्दै सारिपुत्तले भने– "आवुस मोग्गल्लान ! वडा आश्चर्य छ, बडा अद्‌भुत छ ! यहाँको तेज प्रताप बडो बलवान छ, यहाँ यक्षलाई पनि देख्न सक्नुहुन्छ, म त फोहोरको थुप्रोमा रहने सानो पिसाचलाई पनि देख्न सक्दिन ।"

— ❀ —

विहारमा शान्त र मौन वातावरण रहोस् भन्ने भगवान

चाहनु हुन्थ्यो यस्को लागि उहाँ सँधै प्रयासरत रहनुहुन्थ्यो । एक-एक जना साधक मसीनो स्वरले एक आपसमा धर्म-सम्बन्धी प्रश्न सोध्ने र छलफल गर्ने गर्दथे, यतिसम्म त विहारको वातावरण साधना गर्ने अनुकूल भईरहन्थ्यो । तर एकजनाभन्दा धेरै बसेर ठू-ठूलो स्वरले बोल्न थाल्यो भने त्यहाँ तमासा हुन्थ्यो । यस्तो अवस्थामा धर्म साधना गर्ने विहार अन्य साम्प्रदायिक आश्रमभन्दा केही फरक हुँदैनथ्यो । ध्यान गर्ने विहारको वातावरण तल खस्किन्थ्यो । त्यसैले यस्तो अपराध गर्ने जो कोही व्यक्तिलाई पनि भगवान दण्ड दिनुहुन्थ्यो ।

केवल शहर नजिकका विहारहरूमा मात्र होइन, शहर भन्दा पर वनमा जहाँ साधक भिक्षु ध्यान गर्दछन्, त्यहाँ पनि मौन तथा शान्त वातावरण हुनु आवश्यक हुन्छ । यसरी शान्त वातावरण बनाइराख्न र नचाहिने सांसारिक कुराकानी गर्नुबाट टाढा राख्नका लागि भगवानले गाली तथा दण्ड दिनुभएका उदाहरणहरू धेरै पाईन्छन् ।

भगवान एकपटक शाक्य जनपद जानु भयो । त्यहाँ चातुमाको वनमा भगवान रहनु भएको थियो । त्यहाँ सारिपुत्त र मोग्गल्लानसंगै आएका पाँच-पाँचसय जना नयाँ प्रव्रजित भएका भिक्षुहरू पनि थिए । त्यहाँ भिक्षुहरू माछा बेच्नेहरू झैं हल्ला गरिरहेका थिए । यस्तो देखेर भगवानले दण्ड दिनु हुँदै भन्नु भयो– "यहाँबाट जानु, भिक्षुहरू ! म तिमीहरूलाई निष्कासित गर्छु । तिमीहरू म सँग नरहनु ।" यस्तो देखेर आश्चर्य लाग्छ कि यस अपराधको लागि भगवानले सारिपुत्त तथा मोग्गल्लान जस्ता अग्र श्रावकहरूलाई पनि छोड्नु भएन, दण्ड दिनुभयो ।

भगवानको मतलब सफा थियो । उनीहरू भगवानसंग बस्न लायक थिएन । जो आफ्नो साथिहरूलाई शान्त-मौन राख्न सक्दैनन् उनी चाहे अग्र महाश्रावक नै किन नहोउन्, मौन प्रेमी भगवानसंग रहन लायक थिएन । आफ्ना साथीहरू सहित भगवानको आज्ञा पालन गरि दुबै महाश्रावक त्यहाँबाट पर गए ।

तब चारैतर्फ शान्त बातावरण छायो । भगवानका दायाँ-बायाँ हात सदृश्य सारिपुत्त र मोग्गल्लान मौन पालना नगरेको अपराधको कारण विहारबाट निष्कासित भए । ध्यान स्थलको नियमलाई कडाईका साथ पालन गर्नु अति आवश्यक छ । यसरी कसैले नियम भंग गऱ्यो भने भगवान कार्यवाही गर्नु हुन्थ्यो ।

अब सारिपुत्त र मोग्गल्लानको बिना धर्म प्रसारणको कार्य कसरी चल्न सक्छ र ?

यस्को चिन्ता चातुमाका अन्य भिक्षुहरूलाई पनि हुन थाल्यो, निकालिएका भिक्षुहरूलाई पुनः फर्काउन सिफारिश गर्दै भगवानसँग प्रार्थना गरे– "भन्ते, भगवान । भिक्षु-संघ प्रति प्रसन्न हुनु होस् । यी नयाँ-नयाँ प्रव्रजित भिक्षुहरू हुन् भगवानको सानिध्य पाएन भने यिनीहरू मुर्झाउनेछन् । भरखरै अंकुरित विरूवा हुन्, पानी पाएन भने ओइलाउनेछन् सानो बच्चा आफ्नो आमा बिना मौलाए झैं हुनेछ ।

यस्तो अनुनय-विनय भएपछि भगवानले उनीहरूलाई फर्केर आउने अनुमति दिनुभयो । निष्कासनको दण्ड सँधैको लागि थिएन । उपयुक्त समय हेरेर भगवानले फर्किने अनुमति दिनु हुन्थ्यो । यसरी समय-समयमा दण्ड नदिएको भए ध्यान केन्द्रको अनुशासन कसरी शुद्ध राख्न सक्थ्यो र ?

एकछेउमा बसिरहेको महामोग्गल्लानलाई भगवानले सोध्नु भयो, "मोग्गल्लान, म बाट भिक्षुसंघलाई निकालिए पछि तिमीलाई कस्तो लाग्यो ?"

"भन्ते, जब भगवानले भिक्षुसंघलाई निकाल्नु भयो तब मलाई यस्तो लाग्यो कि, अब भगवान इष्ट धर्म-सुखद्वारा युक्त भएर विहार गर्न पाउनु हुन्छ र आयुष्मान सारिपुत्त र म मिलेर भिक्षु संघको रेख-देख गरूँला ।"

"साधु ! मोग्गल्लान साधु ! भिक्षु संघको रक्षा चाहे म गरूँ या तिमी र सारिपुत्त द्वारा होस् ।"

— ❀ —

एकपटक भगवान वेलुवन विहारमा रहनु भएको समय आयुष्मान सारिपुत्त आफ्ना पाँच सय भिक्षु परिवारका साथ भिक्षाटनका लागि आफ्नो जन्म स्थल नालकगाम जानुभयो । जाँदा जाँदा आफ्नो घरको ढोका अगाडि पुग्यो, आमाले भोजनको लागि भित्र बसाउनु भयो । आमा मिथ्यादृष्टिक थिइन्, उनलाई त्रिरत्न (बुद्ध, धर्म, संघ) प्रति अलिकति पनि श्रद्धा थिएन । घर-घरमा गएर भिक्षा लिनु, मागेर खानु जूठो खानु झैं सोच्थिन् । भोजन पस्किदै गर्दा बक्बक् बोलिरहिन् "करौडौंको सम्पत्ति त्यागेर, तिमीले मेरो सर्वनाश गऱ्यौ । घर घर गएर जूठो बटुल्दै हिंड्छौ । मागेर खाइरहेछौ । पेट भरेको छैन होला । आज पेट भरि खानु ।" त्यस्तै अन्य भिक्षुहरूलाई पनि भन्दै रहिन् कि "जूठो बटुल्दै हिंड्नेहरू, पेट भरि खानु ।"

भिक्षा पछि स्थविर अन्य भिक्षुसंगै विहारमा फर्किए ।

आयुष्मान सारिपुत्तका साथमा आयुष्मान राहुल पनि गएका थिए । शास्ताले उनलाई सोधे– "राहुल कहाँ गएका थियौ ?"

"भन्ते ! पितामहीको गाऊँमा ।"

"तिम्री पितामहीले तिम्रो उपाध्यायलाई के भनिन् ?"

"भन्ते ! पितामहीले उपाध्यायलाई नराम्रो कुरा सुनाए ।" भोजन पस्किंदा माताले जे जस्तो भन्नु भएको थियो ती कुराहरू सबै सुनाए । भगवानले सोध्नुभयो– "तिम्रा उपाध्यायले के बोल्नु

भयो ?"

"भन्ते ! केही बोल्नु भएन, चुपचाप सुन्दै रहे ।"

तब भिक्षुहरूले भगवानलाई भने– "भन्ते ! भोजनको समयमा अपशब्द सुनिरहेता पनि आयुष्मान सारिपुत्तलाई अलिकति पनि रीस उठेन । भन्ते, आश्चर्य ! धर्मसेनापतिलाई अलिकति पनि रीस आएन, शान्त रहनु भयो ।"

"भिक्षुहरू ! क्षीणास्रवहरूलाई रीस आउँदैन ।"

— ❀ —

एकसमय सारिपुत्त भगवानलाई भेट्न आए, भगवानलाई अभिवादन गरे पछि एक तर्फ बसे । तब आयुष्मानले भगवानलाई भन्नुभयो, "भन्ते ! भगवान प्रति मलाई दृढ श्रद्धा जाग्यो । मेरो यस्तो विश्वास छ कि, सम्बोधि ज्ञानमा भगवानभन्दा माथि अन्य कोही श्रमण, ब्राह्मण न थिए न हुनेछन्, न यस समय नै छन् ।"

यस्तो सुनेर भगवानले आयुष्मान सारिपुत्तलाई सोध्नुभयो– "सारिपुत्त ! तिमीले मेरो बारेमा यस्तो घोषणा गऱ्यौ । के तिमीले अतीत कालका सबै अर्हन्त सम्यक सम्बुद्ध भगवानका शील, समाधि, प्रज्ञाको सम्वन्धमा आफ्नो चित्तद्वारा थाहापाएका छौ ?"

"छैन, भन्ते ।"

"के तिमीले भविष्य कालका सबै अर्हन्त सम्यक-सम्वुद्ध भगवानहरूको शील, समाधि, प्रज्ञाको सम्बन्धमा आफ्नो चित्त द्वारा थाहापाएका छौ ?"

"छैन, भन्ते ।"

"के तिमीले वर्तमान कालका अर्हन्त सम्यक-सम्बुद्ध भगवान् (अर्थात् मेरो) शील, समाधि, प्रज्ञाको सम्बन्धमा आफ्नो चित्तद्वारा थाहापाएका छौ ?"

"छैन, भन्ते ।"

"सारिपुत्त ! यदि तिम्रो अतीत, अनागत र वर्तमानका सम्यक सम्बुद्ध भगवानहरूको विषयमा पर-चित्त ज्ञान छैन भने, तिमीले यस्तो घोषणा किन गरेको हौ ?"

"भन्ते ! मलाई सबै बुद्धको परचित्त ज्ञान छैन, तर सबैको धर्म समानताको बारेमा मलाई ज्ञान छ । अतीत कालका बुद्धहरूले पनि पाँच नीवरणहरूलाई हटाएर, प्रज्ञा द्वारा चित्तको मैलो हटाएर, चारैवटा स्मृति-प्रस्थानहरूमा चित्तलाई सु-प्रतिष्ठित गरेर, सात बोध्यंगहरूलाई यथार्थ रूपले भावना गरेर नै सम्यक सम्बोधि ज्ञान प्राप्त गर्नु भएको हो । त्यसैले भन्ते ! मैले यस्तो घोषणा गरेको हुँ । भविष्यकालका बुद्ध पनि यसरी नै सम्यक सम्बोधि प्राप्त गर्नेछन् ।"

आयुष्मान सारिपुत्तको कथनलाई अनुमोदन गर्नुहुँदै भगवानले भन्नुभयो, "साधु ! सारिपुत्त ! साधु ! धर्मको यस कुरालाई तिमी भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूलाई भन्नु । सारिपुत्त ! जस्लाई बुद्धको शंका छ, सहमती छैन उनीहरू यस धर्मको वाणी सुनेर स्पष्ट हुनेछन् ।"

— ❀ —

एकसमय स्थविर सारिपुत्त आफ्नो मामालाई भेट्न गए, उनी ब्राह्मण थिए– "मामा ! केही पुण्य कर्म, कुशल कर्म गरिरहनु भएको छ ?"

- "हो, भन्ते ! गरिरहेछु ।"

– "के गर्नु हुन्छ ?"

– "प्रत्येक महिना एक हजार रूपिंया खर्च गरेर दान दिन्छु ।"

– "कसलाई दान दिनुहुन्छ ?"

– "निर्ग्रंथहरूलाई ।"

– "के प्रार्थना गर्नुहुन्छ, के माग्नु हुन्छ ?"

– "भन्ते ! ब्रह्मलोक प्राप्त होस् भनेर प्रार्थना गर्छु ।"

"जुन तिमीले गर्दैछौ के त्यसबाट ब्रह्मलोक प्राप्त हुन्छ, के त्यो सही हो ?"

"हो, भन्ते ! यसबाट ब्रह्मलोक प्राप्त हुन्छ ।"

"यो कसले भनेको ? कसले बताएको हो ?"

"भन्ते ! मेरा आचार्यहरूले यस्तो बताएका हुन्, उनीहरूले यही मार्ग बताएका हुन् ।"

यस्तो उत्तर पाएर स्थविरले भने, "ब्राह्मण मामा ! ब्रह्मलोक जाने मार्ग न तपाईंलाई थाहा छ न तपाईंका आचार्यहरूलाई नै । आउनु मसंग, ब्रह्मलोक जाने सही मार्ग सिक्नु होस् ।"

मामा ब्राह्मणलाई साथ लिएर सारिपुत्त शास्ता कहाँ पुगे । ब्राह्मणसंग भएको कुराकानी सबै भगवानलाई सुनाए र अनुरोध गरे कि– "भन्ते ! यस ब्राम्हणलाई ब्रह्मलोकसम्म पुग्ने सही मार्ग बताउनु भए असल हुने थियो ।"

शास्ताले सोध्नुभयो– "ब्राह्मण ! के यो साँचो हो कि तिमी कोही व्यक्तिलाई दान दिएर ब्रह्मलोक प्राप्त गर्न चाहन्छौ ?"

ब्राह्मणले जवाफ दिए– "साँचो हो, भन्ते ।"

भगवानले भन्नुभयो– "ब्राह्मण यसरी, तिमी बीस वर्षसम्म दान दिई रहेता पनि केही प्राप्त गर्न सक्दैनौ । यसको विपरीत श्रावकहरूलाई प्रसन्न चित्तले एक मुट्ठी भिक्षा दिएता पनि त्यसको फल अधिक प्राप्त हुन्छ ।"

भगवानको धर्म देशना सुन्दा सुन्दै मामा ब्राह्मणले सोतापत्ति फल प्राप्त गरे ।

*साभार- 'विपश्यना' पत्रिका बु.व. २५६१, २०७४ मंसिर, व.३४, अ.७*



# नारी जातीको उत्थानका लागि
# महाप्रजापति गौतमीको योगदान

✍ **वीर्यवती**

*बुद्ध र नारी स्वतन्त्रता विषय निर्वाणमूर्ति विहारमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र*

१) **नारी परिचय–**

नारीलाई मानव समुदायको आधा अङ्गको रूपमा लिने गरिन्छ । तर धेरैजसो एशियाली मुलुकहरूमा नारीलाई पुरूषको दाँजोमा राख्ने साहस गरेको देखिंदैन । त्यसैले यी देशहरूलाई पुरुष प्रधान देश भन्ने गरिन्छ । बुद्धकालिन समयमा भगवान् बुद्ध स्वयमले समाजको यस कमजोरी पक्षलाई हटाउन समय समयमा कदम उठाउनु भएको देखिन्छ । यस विषयमा बुद्धकालिन घटना एउटा यहाँ उल्लेख गर्न उचित ठान्दछु ।

एकदिन प्रशेनजित कोशल राजा भगवान् बुद्ध समक्ष धर्म सम्वन्धी-विषयमा छलफल गर्दै थिए । त्यसबखत राजदरवारबाट एक दूत आई राजाको कानमा बडामहारानी मल्लिका देवीले पुत्री जन्माएकी खबर सुनाएछ । यो खबर सुनी राजाको म खिन्न भएछ र अनुहार निन्याउरो पारी शीर झुकाउन पुगेछ । यो दृष्य देख्नु भएपछि भगवान् बुद्धले यसको कारण सोध्नु हुँदा राजाले जवाफ दियो–

"भगवान् ! मल्लिका देवीले छोरा जन्माउँछिन् भन्ने सोचेको थिएँ । तर छोरी जन्माइछ ।"

यो कुरा सुन्नु भएपछि भगवान् बुद्धले भन्नुभयो–

**"इत्थीपि हि एकच्चिया सेय्या पोस जनाधिप**<br>
**मेधावी शीलवती सासु देवा पतिब्बता**<br>
**तस्सा यो जायति पोसो सूरो होति दिसम्पंति**<br>
**तादिसा सुभागिया पुत्तो रज्जम्पि अनुसासतीति**[१]

अर्थात्– हे जनाधिप ! कुनै नारी, बुद्धिमती, शीलवती भई सासु–ससुरालाई देवता समान मानी पतिव्रता भई पुरुष भन्दा पनि श्रेष्ठ हुन सक्छिन् । त्यसकारण आफ्नी छोरीलाई राम्रो शिक्षा दिई आवश्यक तालिम दिनुस् । त्यस्तो नारीको कोखबाट जन्मिएका सन्तान सुखी तथा दिशा प्रमुख राज्य प्रमुख पनि हुन सक्छ । त्यस्ती सौभाग्यवतीको कोखबाट जन्मेको बालकले राज्यमा शासन पनि गर्न सक्छ ।

समाजमा असल नागरिक उत्पादन गर्नको लागि शिक्षित नारीको आवश्यकता रहेको हुन्छ । त्यसैले नेपोलियनले भनेको थियो–

"मलाई एक असल आमा देऊ मैले<br>
एक असल राष्ट्र दिनेछु ।"

भगवान बुद्धले पनि भन्नुभएको छ–

**"माता मित्तं सके घरे"**[२]

अर्थात्– "छोरा छोरीको लागि आमा नै असल साथी हुन्"

एक शिशुले आफ्नो धेरैजसो समय आफ्नी आमाको साथ रही बिताउने गर्छिन् । आमाले दुध र खाना खुवाउँदै आफ्नो सन्तानलाई पाइला पिच्छे प्राथमिक शिक्षाहरू सिकाइरहेकी हुन्छिन् । त्यसैले आमा नै उसको पहिलो गुरु हुन्छिन् ।

एकदिन एक विद्वान व्यक्ति भगवान बुद्ध समक्ष आई प्रश्न गरेछ–

**"किंसु भण्डानं उत्तमं"**[३]

अर्थात् – संसारमा ठूलो को हो ?

यस प्रश्नको उत्तर भगवान बुद्धले यसरी दिनु भएको

१. निन्दाबाट बच्ने कोही छैन – भिक्षु अश्वघोष, पेज ५८
२. निन्दाबाट बच्ने कोही छैन – भिक्षु अश्वघोष, पेज ५८
३. निन्दाबाट बच्ने कोही छैन – भिक्षु अश्वघोष, पेज ५८

थियो–

**"इत्थि भण्डानं उत्तमं"**

अर्थात्– नारी नै सबभन्दा उत्तम हुन् ।

नारीमा विद्यमान रहेका उत्तम गुणहरूलाई जानेर नै होला भगवान् बुद्धले बुद्धशासन रूपी रथका चार पांग्राको रूपमा भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरू खडा गर्नुभएको थियो । रथ **गुड्नको लागि यी चारवटै पांग्राको आवश्यकता पर्दछ । एउटा मात्र पांग्रा बिग्रिएमा रथ काम नलाग्ने पंगु बन्न पुग्दछ ।**

त्यसैले होला संक्षिप्त बुद्ध वंशका २८ जना तथागतहरूले नै बुद्ध शासनमा अग्रश्रावक अग्रश्राविका प्रधान उपासक र प्रधान उपासिका भनी भिक्षु, भिक्षुणी उपासक र उपासिकाहरू खडा गरिएको इतिहास नै उल्लेख गरिएको पाइन्छ ।[४]

२८ जना बुद्धहरूमध्ये सबभन्दा अन्तिम गौतम बुद्धको समयमा पनि उहाँले ४१ जना भिक्षुहरूलाई उहाँहरूको योग्यता र गुण अनुसार ४७ अग्रपद दिनुभएको छ भने १३ जना भिक्षुणीहरूलाई यसरी नै अग्रपद दिनुभएको छ । त्यस्तै १० जना उपासक र १० जना उपासिकाहरूलाई पनि उहाँहरूको योग्यतालाई कदर गरी अग्रपद प्रदान गर्नुभएको इतिहास छ ।[५]

यस घटनाले भनिरहेको छ, भगवान् बुद्ध नारी स्वतन्त्रताको हिमायती हुनुहुन्छ । उहाँको शासनमा नारीपुरूष बीच कुनै भेदभाव छैन । कतिपय नारी विश्वका महापुरूष र महामानवहरू जन्माउन सफल भएका छन् । समाज, देश, एवं विश्वलाई राम्रो मार्ग निर्देशन गर्न सक्षम महामानव जन्माउने क्षमता प्रकृतिले त नारीलाई नै दिएको देखिन्छ ।

२) **सिद्धार्थ कुमारको जन्म–**

महामानव गौतम बुद्ध बन्ने सिद्धार्थ कुमारलाई जन्माउनु भएकी महान माता मायादेवी पनि त एक नारी नै थिइन् । नेपाल अधिराज्यको तराईमा पर्ने देवदहमा जन्मिनु भएकी महामायादेवीले लुम्बिनी वनमा सिद्धार्थ कुमारलाई वैशाख पूर्णिमाको पावन दिनमा आजभन्दा २६४० वर्ष अगाडि जन्म दिनु भएर त्यसको ७ दिन पछि परलोक हुनुभएकी थिइन् ।

३) **महाप्रजापति गौतमीद्वारा शिशु सिद्धार्थको स्याहार सुसार**

कपिलवस्तु राज्यका राजा शुद्धोदनले आफ्नी जेठी बडा- महारानी मायादेवीको देहावसान पश्चात् कान्छी महारानी प्रजापति गौतमीलाई बडामहारानी बनाए । उक्त समयमा कान्छी बडा- महारानी महाप्रजापति गौतमी (महामायादेवीको कान्छी बहिनी) ले पनि नन्दकुमारलाई जन्माएकी थिइन् । आफ्नी दिदी परलोक भएको कारण उनको पुत्र सिद्धार्थ कुमारलाई आफ्नो स्तनपान गराई महाप्रजापति गौतमीले मातृ स्नेह प्रदान गरिन् भने आफ्नै पुत्र नन्द कुमारलाई धाई आमाको हातमा सुम्पिदिइन् । आफ्नो सौताको सन्तानलाई **स्याहार्नको लागि आफ्नो सन्तानलाई त्याग्न सक्ने महाप्रजापती गौतमीको हृदयको उदारतालाई हामीले यहाँनेर चिन्न सक्छौं ।** हाम्रो नेपालमा यस्ता विशाल हृदय भएका निश्वार्थ नारीले पनि जन्म लिएको रहेछ भन्ने कुरा इतिहासले बताइरहेको छ । यस घटनालाई स्मरण गर्दै हामीले गर्व गर्न सक्छौं । यहाँ प्रष्टिएको छ, निश्वार्थ चित्त भयो भने सानी आमा पनि आमा बन्न सक्दोरहेछ । नारीको महानतालाई हामीले यहाँ मुल्यांकन गर्न सक्छौं । एक निश्वार्थ चित्त सहितको सुशिक्षित नारीले बिग्रिन लागेको घरायसी मामिलालाई सपारेर स्वर्गतुल्य बनाउन सक्छिन् । प्रजापतिले कपिलवस्तुको राजदरवारमा यही देन दिएको छ । आजको स्वार्थपूर्ण संसारमा महाप्रजापति जस्तो निष्कपट, निस्वार्थी र निरभिमानी नारीको खाँचो छ ।

४) **सिद्धार्थ कुमारको गृहत्याग–**

महाप्रजापति गौतमीको पवित्र मातृ स्नेहरूपी छहारीमा हुर्किएका सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा आषाढ पूर्णिमाको राती बोधिज्ञान प्राप्त गर्ने उद्देश्य लिई राजदरवार त्याग गर्नु हुँदा महाप्रजापति गौतमीले ज्यादै चित्त दुखाएकी थिइन् । तैपनि शोक विहवल राजा शुद्धोदन र यशोधरादेवी (सिद्धार्थ, कुमारकी पत्नी, युवराज्ञी) दुबैलाई धैर्य धारण गराउने कार्यमा जुट्न थालिन् ।

**५) बुद्धत्व प्राप्ती–**

गृहत्याग गरेको ६ वर्ष पश्चात् सिद्धार्थ कुमारले बैशाख पूर्णिमाको दिन बुद्धगयामा बुद्धत्त्व प्राप्त गरी भगवान् बुद्ध हुनुभएको थियो । बुद्ध हुनु भए पछि धर्म

४. सक्षिप्त बुद्ध वंश - भिक्षुणी धम्मवती (नेपालभाषा अनुवाद)

५. विशेष बौद्ध – भिक्षुणी धम्मवती

प्रचार गर्दा गर्दै अर्को एक वर्षपछि वैशाख पूर्णिमाको दिनमा शुद्धोदन महाराजाको निमन्त्रणा स्वीकार गर्नुभई भगवान् बुद्ध कपिलवस्तु आइपुग्नु भएको थियो ।

भगवान् बुद्धको धर्म उपदेश सुनी महाराजा शुद्धोदन स्रोतापन्न, सकृदागामी र अनागामी मार्गफल प्राप्त गरी भाग्यमानी हुनुभएको थियो । यसरी नै सानी आमा महाप्रजापति गौतमीले स्रोतापति मार्गफल प्राप्त गर्न सफल हुनुभएको थियो–[६]

६) **चीवर दान –**

स्रोतापन्न भइसकेपछि भगवान् बुद्धप्रति गौतमीको अटल श्रद्धा भाव रहनेत स्वभाविक नै भयो । त्यसैले पवित्र श्रद्धाको कारणले आफ्नो हातले धागो बनाई मेहनत पूर्वक तयार पारिएको एक जोर चीवर प्रजापति गौतमीले भगवान् बुद्धलाई चढाउन पुगिन् । त्यसबेला भगवान् बुद्ध कपिलवस्तुको निग्रोधाराम विहारमा रहनु भएको थियो । भगवान् बुद्धलाई पञ्चाङ्ग वन्दना गरी चीवर ग्रहण गरिदिन आग्रह गरेकी महाप्रजापति गौतमीलाई भगवान् बुद्धले व्यक्तिगत दान दिनु भन्दा संघलाई दान दिनुको महत्त्व अझ बढि हुने कुरा बुझाउनु हुँदै भन्नुभयो–

"संघलाई दान दिंदा म पनि पूजित हुनेछु र संघपनि ।"[७]

भगवान् बुद्ध कपिलवस्तुमा पुग्नु भएको तेश्रो दिनमा महाप्रजापति गौतमीकी पुत्र नन्द कुमारलाई प्रव्रजित गर्नुभएको थियो भने सातौं दिनमा आफ्नै पुत्र राहुल कुमारलाई पनि प्रव्रजित गर्नु भएको थियो ।[८]

७) **शुद्धोदन महाराजाको परिनिर्वाण–**

एकदिन कपिलवस्तुका शुद्धोदन महाराजा विरामी पर्नुभएको खबर थाहा पाउनु भएकोले शाक्यमुनी बुद्ध केही श्रावकहरूलाई लिई वैशालीबाट कपिलवस्तु पुग्नुभयो । अनि शुद्धोदन महाराजलाई धर्मदेशना गर्नुभई अनागामीबाट अरहन्तमा प्रतिष्ठित गराउनु भयो । अरहन्त हुनुभएको एक साता भित्र नै शुद्धोदन महाराजा परिनिर्वाण हुनुभयो । त्यसपछि भगवान् बुद्ध पनि वैशाली नै फर्किनु भयो ।[९]

८) **प्रजापति गौतमीको प्रव्रज्या हुने इच्छा–**

बुद्ध हुनुभएका शुद्धोदन महाराजाको सेवा सश्रुषा गरी बस्नुभएकी महाप्रजापति गौतमीलाई महाराजाले सधैंको लागि छोडेर गएपछि शोक र दुःख लाग्नु त स्वभाविक नै भयो ।

भगवान् बुद्ध धर्म र संघको महत्त्व बुझिसकेका महाप्रजापति गौतमीले राज्य सुखको महत्त्वलाई गौण थानिसकेकी थिइन् । राज प्रासादको सुख नित्य नरहेको र म र मेरो भन्ने सत्काय दृष्टि र सांसारिक बन्धन देखि वाक्क र दिक्क भएकी महाप्रजापति गौतमीले आखिर गृहत्याग गरी त्यागी जीवन बिताउन चाहिन् । त्यसबेला भगवान् बुद्ध भिक्षु महासंघ सहित कपिलवस्तुको न्यग्रोधाराम विहारमा रहनु भएको थियो ।

महाप्रजापति गौतमी आफ्ना ५०० जना शाक्य राज- कुमारीहरूका साथ तथागत समक्ष पुगी नारी जातीलाई पनि तथागतको धर्म विनयमा प्रव्रजित गराइदिन प्रार्थना गरिन् । तर तथागत यस **प्रार्थना स्वीकार्नु भएन । ३ पटक याचना गर्दा पनि स्वीकार्नु नभएको कारणले दुःखी हुँदै प्रजापति गौतमी ५०० राजकुमारीहरूका साथ राजदरवार फर्किन् ।**

तर संघको महत्त्व बुझिसकेकी महाप्रजापति गौतमी गृहस्थ जीवनभन्दा त्यागी जीवनको महत्त्वलाई अझ् उच्च ठानी बुद्ध शासन रूपी रथका चार पांग्राहरू मध्ये एक पांग्रा भिक्षुणी संघ स्थापना गर्ने तीव्र इच्छा गरिन् । नारी समुदायको उत्थान कार्यमा अग्र भूमिका निभाउने इच्छा परिपूर्ति गर्नको लागि उनले नाऊ बोलाई केश क्षौर गरी काषाय वस्त्र धारण गरिन् । यसरी नै आफ्ना ५०० शाक्य राजकुमारीहरूलाई पनि केश क्षौर गराई काषाय वस्त्र धारणा गर्न लगाइन् । यसरी सबैले राजदरवारमा नै काषाय वस्त्र धारण गरी उनीहरूको समुदायले वैशाली प्रस्थान गरे ।[१०]

बुद्ध धर्म र संघप्रति अटल श्रद्धा भएकी, त्याग र

६. नारीप्रति बुद्धको देन – सुश्री नानीमैंया मानन्धर पेज ४
७. बुद्धकालिन श्राविका चरित – भिक्षु अमृतानन्द भाग १, पेज १३
८. बुद्धकालिन श्राविका, महाप्रजापति गौतमी – आचार्य भिक्षु अमृताननद पेज ८
९. बुद्धकालिन श्राविका चरित भाग १, पेज १६
१०. बद्धकालिन श्राविका चरित भाग १ पृष्ठ २७

तपस्याको महत्त्व बुझेकी ८० वर्षिया विधवी महारानी प्रजापति गौतमीले राजदरवारको ऐश्वर्य, सुख सुविधा त्यागी जति कष्ट भोग्न परेपनि भोग्न तयार हुने खालको दृढ संकल्प सहितको मनोबल शक्ति जुटाई कपिलवस्तुबाट वैशाली सम्मको ५१ योजन लामो बाटो पैदल नै हिंडेर पुग्नुभयो ।[११]

फलस्वरूप उनीहरूको जीऊभरि धुलैधुलो, खुट्टा सुन्निएको र ठाउँ ठाउँमा फोका उठेका थिए । तर उनले यस दुख कष्टको कुनै परवाह गरिनन् । भिक्षुणी हुने महान संकल्पका साथ तथागतको स्वीकृति बिना काषाय वस्त्र धारण गरी प्रव्रज्या भेष धारण गरिसकेको कारण तथागत समक्ष एक्कासि जान हिचकिचाइरहेकी थिइन् । त्यसैले तथागतको कोठा बाहिर ढोकानेर चिन्तामग्न भई उभिरहेकी थिइन् ।

भिक्षु आनन्दले महाप्रजापति गौतमीको यो दशा देख्ने बित्तिकै आश्चर्य चकित बन्दै उहाँलाई यसको कारण सोध्नुभयो ।

गौतमीले भनिन्– "भन्ते ! भगवान् बुद्धले नारीजातीलाई प्रव्रजित गर्ने अनुमति नदिएको कारणले बाध्य भई यस्तो उपाय अपनाउनु पर्‍यो ।"

यो उत्तर सुनी भिक्षु आनन्दले गौतमीलाई उपसम्पदा गराउने उपाय सोच्दै भगवान् बुद्ध समक्ष हाजिर भई गौतमीको हालखबर सुनाई उपसम्पदाको लागि याचना गर्नुभयो । उहाँले यस्तो प्रश्न पनि राख्नुभयो –

"भगवान् ! के नारी जातीले धर्म विनय पालन गरी निर्वाणको तहमा पुग्न सक्दैन ?"

यस प्रश्नको उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ

"नारीहरूले निर्वाण साक्षात्कार गर्न अवश्य सक्छन् ।"

यस्तो उत्तर पाएपछि भिक्षु आनन्दले भन्नुभयो–

"त्यसो भए भगवान् । महाप्रजापति गौतमी तथागतका अभिभावक, आफ्नो दूध पिलाएर तथागतलाई हुर्काएकी मातृ हृदयीलाई तथागतको धर्म विनयमा प्रव्रजित हुने आज्ञा दिनुहोस् ।"

त्यसपछि भगवान् बुद्धले भन्नुभयो–

"आनन्द ! यदि प्रजापति गौतमीले आठ प्रकारका गरु धर्म पालन गर्न सक्छिन् भने गौतमीको प्रव्रज्या र उपसम्पदा त्यही नै हुनेछ । ती गरू धर्म यसरी छन्–

**९) ८ वटा गरू धर्महरू –**

क) उपसम्पदाद्वारा सयवर्ष पुगेकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई अभिवादन, प्रत्युपस्थान, नमस्कार र आदर सत्कार गर्नुपर्छ ।

ख) भिक्षुणीले भिक्षु आश्रम नभएको स्थानमा वर्षावास गर्नु हुँदैन ।

ग) प्रत्येक दुई हप्तामा भिक्षुणीहरूले भिक्षुसंघबाट उपोषथ गराउने र ओवाद उपदेश सुन्ने ।

घ) वर्षावास गरिसकेकी भिक्षुणीहरूले भिक्षु र भिक्षुणी संघमा गई देखेको, सुनेको, शङ्का लागेको भए भन्नुहोस् भनी याचना गर्ने ।

ङ) गरूधर्म (संघादिसेस, दोष, पापकर्मको दोष) मा परेको भिक्षुणीले भिक्षु, भिक्षुणी दुवै संघमा गई आफ्नो भूल स्वीकार गर्ने ।

च) दुईवर्ष सम्म ६ वटा शिक्षा (पञ्चशील र विकाल भोजन) पालन गरिसकेकी नारीले भिक्षु र भिक्षुणी दुवै संघ सभामा गई उपसम्पदा माग्नु पर्दछ ।

छ) भिक्षुणीले भिक्षुलाई कुनै प्रकारले निन्दा, आक्रोस र उपहास गर्नुहुन्न ।

ज) भिक्षुहरूको तर्फबाट कुनै गल्ती हुन पुगेमा भिक्षुणीहरूले कुनै आलोचना नगर्ने । यस मामिलामा बुद्धिमान् भिक्षुहरूले नै सुझाव दिनुहुनेछ । भिक्षुणीहरूको तर्फबाट कुनै गल्ती हुन पुगेमा बुद्धिमान भिक्षुहरूले आवश्यक सुझाव दिन सक्नुहुनेछ ।

**१०) प्रजापति गौतमी सहित अन्य ५०० जना शाक्य राजकुमारीहरूको उपसम्पदा–**

भगवान् बुद्धको आज्ञा शिरोपर गरी महाप्रजापति गौतमीले यी आटवटा गरूधर्म गौरवपूर्व पालन गर्न प्रसन्न चित्तले स्वीकार गर्नु भयो । तत्कालै महाप्रजापति गौतमी सहित अन्य ५०० जना नारीहरूले पनि उपसम्पदा प्राप्त गर्नु भयो । यसरी भिक्षुणी शासनको उदय भयो ।

त्यसपछि पनि भगवान् बुद्धले समयानुकुल परिस्थिति अनुसार, आवश्यकतानुसार भिक्षुणीहरूलाई ३११ नियमहरू र भिक्षुहरूलाई २२७ वटा नियमहरू पालन गर्नुपर्ने विनय बनाउनु भएको कुरा पनि उल्लेख गरिएका छन् ।

११. बुद्धकालिन श्राविका चरित भाग १ पृष्ठ २८

**११) महाप्रजापति गौतमी अरहन्त हुनुभयो–**

भिक्षुणी हुनुभएपछि प्रजापति गौतमीले धर्म अभ्यास गर्नुहुँदै एकदिन ऋद्धि सहित अरहन्त हुनुभयो । त्यसपछि भगवान् बुद्धले उहाँलाई चीररात्रज्ञ भिक्षुणीहरू मध्ये अग्र पद प्रदान गर्नुभयो ।

भिक्षुणी गौतमीको प्रेरणाले अन्य १३ जना भिक्षुणीहरूले पनि विभिन्न क्षेत्रमा एकतदग्ग पद प्राप्त गर्न सफल हुनुभएका थिए ।

**१२) भिक्षुणी गौतमी परिनिर्वाण हुनुभयो–**

१२० वर्षको उमेर पुगेकी भिक्षुणी महाप्रजापति गौतमी, पाँच सय अन्य भिक्षुणीहरूका साथ वैशाली स्थित महावनको भिक्षुणी निवासस्थानमा रहनुहुँदा उहाँले ध्यानद्वारा आफ्नो आयुसंस्कार सिद्धिएको थाहा पाउनु भयो । त्यसैले आफुसंगै रहेका ५०० जना भिक्षुणीहरूलाई लिई उहाँ परिनिर्वाण हुनुका लागि भगवान् बुद्ध समक्ष अनुमति लिन पुग्नु भयो ।

भगवान् बुद्धप्रति आफूबाट कुनै गल्ती हुन पुगे क्षमा दिनुहोला भनी क्षमा प्रार्थना गर्नुहुँदै परिनिर्वाण हुनको लागि अनुमति मागेको अवस्थामा भगवान बुद्धले नारीहरूले पनि धर्म अववोध गर्न सक्ने कुरामा शंका राख्नेहरूको शंका निवारण गर्नको लागि गौतमी तिमीले आफ्नो ऋद्धि प्रातिहार्य देखाउनु भनी आज्ञा हुनुभएको थियो ।[१२]

भगवानको आज्ञा शिरोपर गरी महाप्रजापति गौतमीले अनेक ऋद्धि प्रातिहार्य देखाउनु भएको थियो ।

यसपछि महाप्रजापति गौतमीले भगवान् बुद्धसँग बिदा लिई फर्कंदा उहाँलाई भगवान् बुद्ध स्वयं र अन्य विशाल परिषदले उहाँबस्ने कोठासम्म पुऱ्याउन जानुभएको थियो ।

आफ्नो कोठामा पुगी अर्ध पलेटी मारी आसनमा बस्नुभएपछि प्रथम ध्यानबाट क्रमशः चतुर्थ ध्यानमा पुगी महाप्रजापति गौतमी परिनिर्वाण हुनभयो । उहाँका साथै अन्य ५०० जना भिक्षुणीहरू पनि परिनिर्वाण हुनुभए ।

**१३) अन्तिम संस्कार–**

त्यसपछि भगवान् बुद्धबाट भिक्षु आनन्दलाई आज्ञा भए अनुसार भिक्षु आनन्दले महाप्रजापति गौतमी परिनिर्वाण हुनु भएको विषयमा चौतर्फी घोषणा गर्नुभयो । चौतर्फबाट भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरू भेला भएपछि स्वयं भगवान् बुद्ध, भिक्षु सारीपुत्र, भिक्षु मौदगल्यायन, भिक्षु राहुल, भिक्षु नन्द, भिक्षु आनन्द, भिक्षु महाकाश्यप, प्रमुख अनगिन्ति भिक्षु भिक्षुणीहरूको सहभागितामा भिक्षुणी महाप्रजापतिको शवयात्रा भयो । यसरी शवयात्राको पछि पछि भगवान् बुद्ध स्वयं कहिं जानुभएको छ भने त्यो भिक्षुणी महाप्रजापति गौतमीको शव यात्रामा मात्र हो ।

बुद्धकालिन समयमा यो जस्तो शवयात्रा भगवान् बुद्धको बाहेक अरू कुनै श्रावक वा श्राविकाहरूको भएको थिएन ।

**१४) निष्कर्ष–**

आफ्नो दूधे बालक नन्द कुमारलाई धाई आमाको हातमा सुम्पी, आफ्नी दिदी महामाया देवीको पुत्र सिद्धार्थ गौतमलाई स्तनपान गराई मातृ स्नेहरूपी शीतल छहारी प्रदान गरी हुर्काउन सक्षम महाप्रजापति गौतमी बुद्ध माता बन्न सफल हुनुभयो ।

राज्य वैभव त्यागी अलौकिक सुख प्राप्त गर्न सफल हुनभएकी गौतमीले त्यस समयको पुरूष प्रधान समाजमा अति कष्ट झेली भगवान् बुद्ध समक्ष भिक्षुणी उपसम्पदाको लागि गरू धर्म पालन गर्नलाई पनि सहर्ष स्वीकार गरी नारी जातीको लागि धर्मको ढोका उघारिदिन सफल हुनुभयो । यस्ती संघनायिका महाप्रजापति गौतमीको गुणलाई इतिहासले सुवर्ण अक्षरमा कोरिएको छ । "**रूपं जीरति मच्चानं नाम गोत्तं न जीरति**"भनिएकै छ । रूप जीर्ण भई नाश भएर गएपनि अरूको हीतोपराकारको लागि त्याग र बलिदान गरेर सम्पन्न गरेको कार्यले दिएको सुपरिणाम अमर कीर्तिको रूपमा बाँकी रहेको हुन्छ । त्यसैले महाप्रजापति गौतमीको योगदान एवं साहसिक कदमलाई हामीले कदर नगरी रहन सक्दैनौं । उहाँको आदर्श लिई हामी नारी वर्गले पनि नविराउनु नडराउनु भन्ने शिक्षालाई अंगिकार गरी धर्म क्षेत्रमा अगाडी बढ्न सकौं ।

१५) भगवान् बुद्धले गौतमीलाई उपसम्पदा दिन किन ढिलाई गर्नु भएको होला ? गरू धर्म पालन गराउने आदेश किन दिनु भएको होला ?

१२. बुद्धकालिन श्राविका, महाप्रजापति गौतमी–पेज, ८७ – आचार्य भिक्षु अमृतानन्द

यहाँनेर प्रश्न उठ्न सक्छ भगवान बुद्ध नारी स्वतन्त्रताका हिमायती भएपनि नारीहरूलाई उपसम्पदा गर्ने कार्यमा सजिलो तरिकाले किन अनुमति दिनु भएन होला ? गरू धर्मजस्तो नियमहरू पालन गर्नको लागि आदेश किन दिनुभएको होला ? यस विषयमा एकपटक सोचौं ।

नकारात्मक भन्दा सकारात्मक ढंगले सोच्न सके अझ् मानसिक शक्ति प्रवल हुने देखिन्छ । सकारात्मक ढंगले सोच्ने हो भने बुद्धकालिन समय पनि पुरूष प्रधान समय थियो । जुनबेला नारीहरूलाई दमन गरिएकै थियो । त्यस समयको पुरूष प्रधान वातावरण अनुसार नारी उत्थान कार्यमा मानिसहरूको मनमा विरोधाभास आउन नदिनको लागि पनि नारीहरूलाई सजिलो तरिकाले उपसम्पदा प्रदान नगरी विस्तारै यसको अधिकार प्रदान गर्नुभएको होला । भगवान् बुद्धको शिक्षा नै थानाथान कोशल ज्ञान हो । ठाउँ र समय सापेक्ष, वातावरण अनुकुलतालाई ध्यानमा राखी सो अनुसार कार्यगर्न सकेमा मात्र राम्रो नतीजा आउने गर्छ । त्यसैले भगवान् बुद्धले महाप्रजापति गौतमी सहित अन्य भिक्षुणीको मनलाई सहनशीलता, निरभिमानी, अनुशासित, बनाई जुनसुकै कठिन परिस्थितिलाई पनि सहर्ष सामना गर्न सक्षम बनाउनको लागि पनि गरू धर्म पालन गर्ने आदेश दिनुभएको हुनुपर्छ ।

होइन भने पहिला पहिला (सत्ययुग) का तथागतहरूले नारी पुरूष भेदभाव नभएको अवस्थामा सजिलैसंग नारीवर्गलाई उपसम्पदा हुने अधिकार प्रदान गरिएको देखिन्छ । किनभने त्यो समयमा गरू धर्मको नामो निशान थिएन ।

भगवान बुद्धले दिनुभएको आदेश शिरोपर गर्नु सबैको कर्त्तव्य हो । यसले कसैको कुभलो हुनेछैन । भनिन्छ । “ठगना पाप है ठगेजाना नहिं” ।

आफूबाट अरूलाई दुःख दिनु मात्र पाप हो । आफूलाई अरूले दुःख दिएकोलाई न्यायोचित रूपमा सहन सक्नु पाप कार्य होइन । आफ्नो तर्फबाट अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी पुग्ने कार्य गर्नलाई डराउनु पर्छ । किनभने यसको दण्ड प्रकृतिले आफैलाई भोगाउँछ । तर अरूले आफूलाई दिएको दुःख सहन डराउनु पर्दैन । जति जति दुःख भोग्न डराउँदैन त्यति त्यति मनोबल शक्ति वृद्धि हुंदै जान्छ । त्यसैले हामीले पनि भौतिक सुख र मान पदवीमा मात्र नभुली दुःख देखि नडराइकन आ-आफ्नो कर्त्तव्य पथमा लम्कन सकौं । आर्य नारी महाप्रजापति गौतमीको आदर्शलाई अपनाउन सकौं ।

॥ भवतु सब्ब मंगलं ॥


सन्दर्भ सामग्री -

१. निन्दाबाट बच्ने कोही छैन - भिक्षु अश्वघोष, पेज ५८
२. निन्दाबाट बच्ने कोही छैन - भिक्षु अश्वघोष, पेज ५८
३. निन्दाबाट बच्ने कोही छैन - भिक्षु अश्वघोष, पेज ५८
४. संक्षिप्त बुद्ध बंश (भाग ३) - भिक्षुणी धम्मवती (नेपालभाषा अनुवाद) - भिक्षुणी वीर्यवती (नेपालीभाषा अनुवाद)
५. विशेष बौद्ध - भिक्षुणी धम्मवती
६. नारीप्रति बुद्धको देन - सुश्री नानीमैया मानन्धर - पेज ४
७. बुद्धकालिन श्राविका चारित - भिक्षु अमृतानन्द भाग - १, पेज १३
८. बुद्धकालिन श्राविका, महाप्रजापति गौतमी - आचार्य भिक्षु अमृतानन्द पेज ८
९. बुद्धकालिन श्राविका चरित भाग - १, पेज १६
१०. बुद्धकालिन श्राविका चरित भाग - १ पृष्ठ २७
११. बुद्धकालिन श्राविका चरित भाग - १ पृष्ठ २८
१२. बुद्धकालिन श्राविका, महाप्रजापति गौतमी - पेज, ८७ - आचार्य भिक्षु अमृतानन्द


**धर्मकीर्ति पत्रिका विशेष सदस्य**

*क्र.सं. ९७८*

**सुशीला शाक्य (तण्डुकार)**

**सिनामंगल, काठमाडौं**

**रु. २०००/–**

- **चार आर्यसत्यलाई यथार्थ रूपले बुझ्नेलाई बुद्ध (= तथागत = शास्ता = भगवान्) भनिन्छ ।**
- **खराब काम नगर्नु नै वेश । खराब काम गर्दा पछुतो हुन्छ । राम्रो काम गर्नु नै वेश, जुन काम गर्नाले पछि ताप हुँदैन । - *धम्मपद***



# बौद्ध साहित्यमा चतुर्बह्म विहारको उपादेयता

✍ **कृष्ण कुमार प्रजापति**
नगदेश, मध्यपुर थिमि नगर-७

पृष्ठभूमि :

हालको लुम्बिनी प्रदेश स्थितको रुपन्देही जिल्लामा अवस्थित पवित्र पावन भूमि लुम्बिनीमा ई.पू. ६२३ को बैशाख पूर्णिमा, पुष्प पूर्णिमाको दिनमा माता महामाया देवीको कोखबाट बोधिसत्त्व राजकुमार सिद्धार्थको रूपमा पदार्पण हुनुभयो । तसर्थ गत बैशाख पूर्णिमाबाट बोधिसत्व सिद्धार्थ गौतम जन्मनु भएको २६४९ वर्ष भयो । वहाँले ३५ वर्षको उमेरमा अर्थात् ई.पू. ५८८ को बैशाख पूर्णिमाको दिनमा बुद्धगयामा सम्बोधि लाभ गरि "सम्यक सम्बुद्ध" हुनुभयो । यसरी गत बैशाख पूर्णिमा देखि वहाँ "सम्यक सम्बुद्ध" हुनुभएको २६१४ वर्ष भयो र सोही वर्षको असार पूर्णिमाको दिनमा भारतको सारनाथमा पञ्चभद्र वर्गीयहरूलाई प्रथमपल्ट धर्मोपदेश गरी "गुरु" हुनु भएकोले सो पूर्णिमालाई "गुरु पूर्णिमा" भनी प्रसिद्ध हुन गयो । यसरी पञ्चभद्र वर्गीयहरूलाई प्रथमपल्ट धर्मोपदेश गर्नु भएको घटनालाई बौद्ध जगतमा र साहित्यमा "धम्मचक्कप्पवत्तन दिवस" अर्थात् "धर्मचक्र प्रवर्तन दिवस" भनी लोक प्रसिद्ध भयो । यसरी शान्तिका महानायक, महाकारुणिक, लोक गुरु, विश्वबन्ध्य महापुरुष, युगपुरुष, तथागत गौतम बुद्धले ४५ वर्षसम्म धर्म प्रचार प्रसार गरी ८० वर्षको पाको उमेरमा भारतको कुशीनगर भन्ने मल्ल राजाहरूको शाल वनमा यस अनित्य, भौतिक संसारबाट सदाको निम्ति बिदा भई महापरिनिर्वाण हुनुभयो । तसर्थ भगवान् बुद्धको महापरिनिर्वाण भएको २५६९ वर्ष भइसक्यो गत वैशाख पूर्णिमा (बि.सं. २०८२) बाट । यसर्थ वैशाख पूर्णिमा, बुद्ध पूर्णिमाको दिनमा भगवान् बुद्धको जन्म, सम्बोधि लाभ र महापरिनिर्वाण जस्ता तीनवटा संयोग जुरेको हुनाले बौद्ध साहित्यमा "त्रीवेणी संगम" भएको दिवसको रूपमा लिइन्छ । त्यसैगरी असार पूर्णिमा, गुरु पूर्णिमाको दिनमा "पञ्च संगम दिवसको" रूपमा मानी आएका छन् ।

विश्व मानचित्रमा "नेपाल" एक सानो मुलुक भएतापनि अट्ठाईजना मानव बुद्ध मध्ये ४ चार जना बुद्ध जन्मेको पवित्र पावन भूमी हो । हालको लुम्बिनी प्रदेशकै कपिलवस्तु र रुपन्देही क्षेत्रमा ४ जना बुद्धहरू कक्रुच्छन्द बुद्ध, कनकमुनि बुद्ध, काश्यप बुद्ध र गौतम बुद्धहरूको जन्म थलो भएको नेपाल एक बुद्ध भूमी हो ।

बुद्ध भूमी नेपालमा जन्मनु भएका शान्तिका महानायक, महाकारुणिक, तथागत बुद्धद्वारा प्रतिपादित "चतुर्ब्रह्म विहार" अर्थात् "मैत्री, करुणा, मुदिता र उपेक्षा" जस्ता विषयमा हाम्रो ध्यान केन्द्रित हुनुपर्ने हो, जुन विषयलाई बौद्ध साहित्यमा विशेष ढंगले अध्ययन गरिन्छ । भगवान् बुद्धले जन्मदाता आमा-बुबामा मैत्री, करुणा, मुदिता र उपेक्षा जस्ता चतुर्ब्रम विहार रहने विषयमा धर्मोपदेश गर्नुभएको छ । भगवान् बुद्धले आमा-बुबालाई "प्रथम गुरु" नै मान्नु भएको छ । यसलाई पालि भाषामा "पुब्बाचरिय" भनिन्छ । आमा-बुबा, छोरा-छोरीको लागि ब्रह्मा हो । पालि भाषामा "ब्रह्माति माता पितरो" भनिन्छ । अतः त्यस्ता सुसभ्य, सुसँस्कारित आमा-बुबामा आफैले जन्म दिएका सन्तानहरू, छोरा-छोरीहरू प्रति मैत्री, करुणा, मुदिता र उपेक्षाभाव हुन्छ नै, हुनु पनि पर्दछ ।

१) मैत्री (Friendshipness) :

आफ्नो सन्तानप्रति, आफ्नो छोराप्रति जस्तो मैत्रीभाव अरूमा हुनु कठीन छ, आफ्नो सन्तानप्रति मैत्री राखी सदा उन्नति, प्रगति, ज्ञानी, गुणी होस् ! भनी सदा कामना गर्दछन् आमा बुबाले । "मैत्री" भन्नु नै दया भावले, मित्रता भावले गर्ने क्रियाकलाप हो । मित्रता भावको विपरित अमैत्री भाव, शत्रुता भाव, वैरी भाव हो ।

मैत्री भावले सम्वन्ध जोडिन्छ र झन् कसिन्छ भने शत्रुता भावले तोडिन्छ । तसर्थ तपाईं हामी सबैले सदा मैत्री भाव राखी कुरा गर्ने, कार्य गर्ने गर्दा तपाईं हामी बीच श्रद्धा जाग्छ, विश्वास पैदा हुन्छ, सहृदयता प्रकट हुन्छ । त्यसको विपरित कार्यले सम्वन्धमा कटुता हुन्छ, बैरीभाव, शत्रुभाव प्रकट हुन्छ । बदला लिने, हत्या, हिंसा हुनेसम्मको अकुशल कर्म हुन पुग्छ । विश्व इतिहास अध्ययन गरेको खण्डमा दुईपटक त विश्वयुद्ध भईसकेको छ भने पाँच हजार वर्षको इतिहासमा पन्ध्र हजारपल्ट लडाई, युद्ध भइसकेका छन् । हाल पनि युक्रेन-रुस युद्ध, भारत पाकिस्तान युद्ध, इजरायल-प्यालेस्टाईन युद्ध, इरान-इराक, इरान-सिरिया युद्ध भएको र भरखरै थाईल्याण्ड-कम्बोडिया (कम्पुचिया) मा युद्ध भई मानव विनास भइरहेको छ । यो सबै अकुशल कर्महरू अमैत्रीको कारणले हुन गइरहेको छ । युद्ध र लडाईंले कसैलाई पनि लाभ हुँदैन । बरू क्षति मात्र हुन्छ, द्वेष पैदा हुन्छ । हत्या, हिंसा हुन्छ । अमैत्रीले कटुता पैदा हुन्छ । प्रतिस्पर्धा पैदा हुन्छ, मानवीय क्षती, धनजनको क्षति हुन्छ । अमङ्गल कार्यहरू हुन्छ । अन्ततः सन्धी सम्झौता हुन्छ, मैत्री कायम हुन्छ । तसर्थ महामानव भगवान् बुद्ध भन्नुहुन्छ, “वैरले वैर शान्त हुँदैन, अवैरले, मित्रता भावले मात्र वैरभाव, शत्रुभाव शान्त हुन्छ ।” आज विश्वमा कहीं पनि शान्ति छैन, जहाँ तहीं युद्ध, झगडा, कलह मात्रै छ । शान्ति कायम गर्नु छ भने भगवान् बुद्धको मार्ग अनुशरण गर्नु सक्त आवश्यक छ । मैत्री भावलाई उजागर हुने गरी भारतको विद्वान् प्र.म. जवाहरलाल नेहरू भन्नुहुन्थ्यो- “यस संसारमा दुई कुरोलाई रोज्नु छ, **बुद्ध या युद्ध**” । बुद्ध रोज्दा विश्व रहन्छ, स्थायी हुन्छ, युद्ध रोजे भने संसार विनाश हुन्छ । यी जम्मै तपाईं हाम्रो हातमा छ । तसर्थ मैत्री कामना गरौं । भवतु सब्ब मङ्गलं ! सबैको भलो होस् ! सबैको मंगल होस् ! कल्याण होस् !

२) करुणा (Sympathy) :

करुणा चित्त या भाव मनबाट प्रकट हुन्छ । एउटै घटना, दुर्घटनामा पनि सबैको उही कारण हुँदैन । करुणा चित्तमा फरक हुन सक्छ । आमाबुबाले आफ्नो सन्तान छोराछोरीप्रति सदा करुणा चित्त वा भाव राखी रहन्छ । आफ्नो सन्तानप्रति केही समस्या भएमा सबभन्दा पहिले करुणा चित्तबाट आमाबुबाले ब्यवहार गर्छन् । करणामयी भावद्वारा हेर्छन् । आफ्ना सन्तानप्रति कोही कसैलाई घाउ चोट लागि रगत बगेको देखा पर्नासाथ हामीमा करुणा चित्त जागी हाल्छ, उसको दुःखप्रति सहानुभूति देखाई हाल्छौं र सक्दो आवश्यक सहयोग गर्छौं, पुऱ्याउँछौं । इजरायल-प्यालेष्टाईन युद्धमा भएको हत्या, हिंसा, बम बर्साई दृष्य मोबाईलमा देखा पर्दा पनि मन दुख्छ, केही सघाउ पुऱ्याउन पाए हुन्थ्यो, तर दूरदराजको घटना भएकोले चित्त दुखाई त्यहाँसम्म त गर्नु नहुने ! भनी भाव विह्वल हुन्छौ । युक्रेनको लडाईमा सिपाहीहरू खटी जाँदा लडाईमा मरेको, बेपत्ता भएको खबर सुन्दा, पढ्दा हामी भावविह्वल हुन्छौं । त्यो पक्कै करुणा भाव, करुणा चित्तले उनको विपत्ती, दुःखमा सहानूभूति प्रकट गर्दछौं । त्यो करुणा हो । भगवान् बुद्धले विहान सबेरै दिनको एकपल्ट आज कसलाई उपकार गरुँ ? भनी “महाकरुणा समापति ध्यान” द्वारा हेर्नु भई उपकार, सेवा कार्य गर्नुहुन्थ्यो । भगवान् बुद्धले करुणा दृष्टिबाट यस अनित्य दुःखमयी संसारबाट पार लगाउने समेत कार्य गर्नुहुन्थ्यो । त्यसैले हामी वहाँ भगवान् बुद्धलाई “महाकरुणावान्, महाकारुणिक, लोग गुरु” भन्ने गर्छौं ।

३) मुदिता (Happiness) :

मुदिता भाव भनेकै जो कोही आफ्नो ञाति-बन्धुहरूको उन्नति र प्रगतिमा खुशी हुने, प्रमुदित हुने कार्य हो । आफ्नो सन्तानको उन्नति र प्रगतिमा सबभन्दा बढी खुशी हुने भनेको आमा-बुबा र आफन्त नै हुन् । साथीभाई, छरछिमेकको उन्नति, प्रगतिमा हामी खुशी हुन्छौं । यो खुशी भनेको अन्तरहृदयबाट प्रकट हुने प्रमुदिता अवस्था हो । हामी एक अर्काबीच उन्नति र प्रगतिमा खुशी ब्यक्त गर्दा हामीमा मैत्री, करुणा जाग्छ । मैत्री र करुणाले मित्रताको सम्बन्ध कसिलो हुन्छ । हृदयमा पवित्र भावना जाग्छ । यस्तो भावनाले शान्ति सुख पैदा गर्नमा ठोस सघाउ पुऱ्याउँछ । तर यसको विपरित क्रियाकलापले ईर्ष्या, द्वेष, अहमताले अकुशल कार्यमा ठोस सघाउ पुऱ्याउँछ । एक देशले अर्को देशको उन्नति, प्रगतिमा ईर्ष्या, डाहा गरी, असमझदारी कायम गरी, द्वेष भाव प्रकट गरी, वा युद्ध गरी अन्ततः नरसंहारकारी युद्धमा परिणत गर्ने कार्य हुन्छ । मुदिता भाव कायम गरी कार्य गर्नु अति नै बुद्धिमानीपूर्ण कार्य ठहर्छ । सदा मुदिता भावमा रहन सक्यो र जान्यो भने उसको जीवन चर्या

*( क्रमशः पेज १७ मा हेर्नुहोला )*



# Life as a Dharmachhakra Wheel

✍ **Lekh Ratna Shakya**

We all sat in front of our Father and Mother,
With head down, staring at the face of the parents,
In the glory day of the Father's day with joy,
Words of reverence slipping and sliding,
With the great respect from our mouths,
Father and Mother heard and heeded deeply.
Many years turning as the prayer's wheel,
Our father and Mother do not knew of our job,
It was the subjects of interest as the parents.
There was never more time to tell them,
What we children do far in the places,
Sometime, we try to say about our works.
We murmur only among the brothers,
We will explain about our respected jobs,
Next years of Father and Mother's day we explain.
Our life keep turning like Buddha's Dhammachhakra wheel,
Propelling us along the wheel of life,
And as it turns, we are learning the history of life.
Sometime we feel it is soft,
And next time we feel it is hard,
We cannot take it as fun and pleasure.
We don't want them to feel fears,
But we actually enjoy the splendid world,
We feel pleasure all moment, hard and cruel.
So we take each day, and value it,
Because we knew once gone, it can't return,
We take it as the greater treasure in life.
And we wait the next year to see,
As the another Father and Mother's day,
We all children wake up every day to see
the next Father and Mother' day



# दिनभर महापरित्राण पाठ सम्पन्न

*२०८२ भाद्र १० गते, मंगलवार*

*स्थान- धम्महल, धर्मकीर्ति विहार*

श्रद्धेय धम्मवती गुरुमांको ९२ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति तता पुचःको तर्फबाट असार २६ गते गुरु पूर्णिमाको दिन महापरित्राण पाठ मण्डप धर्मकीर्ति विहारमा अर्पण गरिएको थियो । जम्मा ३७ जना ततापुचःका सदस्यहरू मिली निर्मित उक्त मण्डपमा नै यसदिन (भाद्र १० गते) श्रद्धेय धम्मवती गुरुमांको ९२ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको आयु आरोग्य एवं निरोगी कामना गरी धर्मकीर्ति तता पुचःको आयोजनामा दिनभर श्रद्धेय प्रव्रजित गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ कार्यक्रम सम्पन्न गरिएको छ ।

कार्यक्रमको प्रारम्भमा श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनुभई ततापुचःबाट कुशल चेतना अगाडि सारी सञ्चालित यस कार्यक्रमको महत्व विषयमा धर्मदेशना गर्नुभएको थियो । तता पुचः (समूह) ले यस कार्यक्रममा आमन्त्रित प्रव्रजित गुरुमांहरूलाई जलपान, भोजन दान गर्नुका साथै दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रममा वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।



**महापरित्राण पाठ कार्यतालिका :–**

| क्र. सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २ | सरणागमन-मेत्तसुत्त | अनुपमा, जवनवती |
| ३ | खन्धसुत्त-धजग्गसुत्त | वीर्यवती, क्षान्तिवती |
| ४ | महाकस्सपत्थेर-महाचुन्दत्थेर बोज्झङ्ग सुत्त | त्यागवती, नन्दावती, ईन्दावती |
| ५ | गिरिमानन्द सुत्त | सुजाता, ञाणवती |
| ६ | धम्मचक्कप्पवत्तन सुत्त | पञ्ञावती, करुणावती |
| ७ | महासमय सुत्त | सुमना, उपनन्द |
| ८ | आलवक सुत्त-कसिभारद्वाज सुत्त | पञ्ञावती, अमता |
| ९ | पराभव सुत्त-वसल सुत्त | सुनन्दावती, वजिरा, प्रीतिवती |
| १० | सच्चविभङ्ग सुत्त | केशावती, खेमावती |
| ११ | आटानाटिय सुत्त (क) | दानवती, मेत्तावती |
| १२ | आटानाटिय सुत्त (ख) | पुण्यवती, करुणावती, ध्यानवती, सुवण्णवती |
| १३ | सामूहिक पाठ | सबै गुरुमांहरू |

## बौद्ध साहित्यमा चतुर्ब्रह्म विहारको उपादेयता … …

सुमधुर हुन्छ, सुखी हुन्छ । हामी सुखी भयौं भने मुलुक समृद्धिमा जान्छ भनी रहनु आवश्यक छैन ।

४) **उपेक्षा :**

आफ्नो सन्तानको अवन्नतिमा मन राखी धैर्य गर्न सिकाउँछ आमाबुबाले । यस पटक नोक्सानी भएता पनि अझै मेहनत गरी साहस जगाई कार्य गर्नु ! अर्कोपल्ट ठीक हुन्छ भनी ढाडस दिई कार्य गर्ने भावको नाम नै ‘उपेक्षा’ हो । उपेक्षा भावको अर्को नाम तटस्थभाव हो । मानिसको जीवन भनेकै सुख दुःखरूपी घाम छाँयाको जीवन हो । जीवनमा कहिले सुख हुन्छ त कहिले दुःख हुन्छ । “**सुखमा नमात्तिनु, दुःखमा नआत्तिनु**” भन्ने नेपाली उखान नै छ । उपेक्षा भाव राखी जीवनयापन गर्नु वास्तवमा बुद्धिमान ठहर्छ । अन्तमा आमा बाबुदेखि, समाज, मुलुक, राष्ट्रले समेत मैत्री, करुणा, मुदिता, उपेक्षा जस्ता चतुर्ब्रह्म विहारमा विहरण गर्न जानेमा जीवन सुखदायी, करुणामयी र मुदितामयी हुन जान्छ । मैत्रीमयी चित्तले करुणामयी भावना जगाई, मुदितामयी वातावरण गर्न सकेमा साँचो अर्थमा शान्तिपथमा लम्केका आबाबुबा, ब्यक्ति, समाज र मुलुक नै ठहर्न आउँछ ।

भवतु सब्ब मङ्गलं !

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन ज्याङ्वः

*१) ने.सं. ११४५ गुंलाथ्व पारु*

*प्रस्तुती- सचिव, प्रेमलक्ष्मी तुलाधर*

मुसुंबहाः ज्यापु तुं मिसा पुचः व ज्यापुतुं टोल सुधार समितिया ब्वनाय् लगं मुसुंबहालय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जूगु जुल । गुरु पन्नाकाजी शाक्य पाखें उपाध्यक्ष गोपाल महर्जन, सचिव मनोज बज्राचार्यपिन्त खाडा क्वखायका: हनेगु ज्याभ्वः क्वचाय्का: सचिव प्रेम लक्ष्मी तुलाधर पाखें वय्क:पिन्त हनापौ ल:ल्हानादिल । ज्याभ्वः आयोजकपिनि पाखें भजनयात रु. ४०००/- दां नं श्रद्धां देछानादीगु खः ।

थुगु ज्याभ्वले यातायात व विविध याना जूगु खर्च रु. १,८७०/-

२) ने.सं. ११४५ गुंलाथ्व सप्तमी कुन्हु बनस्थली च्वनादिम्ह भजन दुजः चक्रहेरा महर्जनया बुदिंया लसताय् भजनयात निमन्त्रणा यानादिसे भजन प्रस्तुत याकादिल । वयक:यात गुरु पन्नाकाजी शाक्य पाखें खाडा क्वखाय्का: व सचिव प्रेमलक्ष्मी तुलाधर पाखें जप चैत्य ल:ल्हाना: निरोगी कामना याय्गु ज्याभ्वः जुल । आयोजक परिवारं भजनयात रु. २०००/- ल:ल्हाना: पुण्य सञ्चय यानादिल ।

थुगु ज्याभ्वले यातायात खर्च व विविध खर्च रु. १८००/-

३) गुँला धर्मया लसताय् ज्ञानमाला भजन खलः स्वयम्भूया ग्वसालय् नायो भाजु पूर्णकाजी ज्यापुया ब्वनाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जूगु खः । ल्यू नायो विजय शाक्य पाखें भजनया सहभागी सकसितं खाडा गा क्वखाय्का: सचिव प्रेमलक्ष्मी तुलाधरयात हनापौ ल:ल्हाना दीगु खः ।



*हनापौ ल:ल्हा:गु स्वीकार याना दिसे प्रेम लक्ष्मी तुलाधर*

सचिव प्रेमलक्ष्मीं नं नायः भाजु लगायत मेपिं दुज:पिन्त नं खाडागा क्वखाय्कुसे धर्मकीर्ति विहार पाखें धम्मवती गुरुमांया जीवनी सफू व धर्मकीर्ति पत्रिका ल:ल्हानादिल ।

४) ने.सं. ११४५ दिल्लागाः षष्ठी, २०८२ असार ३२ गते, बुधवार

रेडियो नेपालया मुख्य कार्यक्रम अधिकृत चन्दा विष्ट पाखें श्रद्धेय डा. धम्मवती गुरुमांया पाखें "आजको नारी" विषयस अन्तर्वार्ता ज्याभ्वः क्वचाःगु दु । वरिष्ठ प्राविधिक अधिकृत मिनरभा बज्राचार्य पाखें थुगु ज्याभ्वः प्रसारण जूगु खः ।

भिक्षुणी जीवनया थीथी विषयस न्यनादीगु न्ह्यसः यात गुरुमांनं बियाबिज्याःगु लिसः रेडियो नेपालं प्रसारण जूगु खः ।

अथेहे धर्मरत्न शाक्य 'त्रिशुलिं' च्वयादीगु 'ललितपतनस जन्म जुल' ज्ञानमाला म्ये प्रेमलक्ष्मी तुलाधरं नेपाली भाषां अनुवाद जूगुयात शीव अभिनिति स्टुडियोलय् रेकर्ड याना प्रसारण नं जूगु खः । उगु म्ये हालदिपिं थुकथं खः –

नगीना जोशी, प्रेमलक्ष्मी तुलाधर, प्रतिमा मानन्धर, रीता महर्जन, अष्टमाया महर्जन, रत्नशोभा तुलाधर, रत्न शोभा महर्जन व नानीछोरी प्रजापति ।

धर्मकीर्ति ज्ञानमाला भजनयात गुहाली दाता- सुभद्रा स्थापित, इन्द्रचोकबाट रु. १,०००/-



# प्रव्रजित गुरुमां (अनगारिका) संघको साधारण सभा

*२०८२ श्रावण २५ गते, आइतवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन श्रद्धेय धम्मवती गुरुमांको अध्यक्षतामा प्रव्रजित गुरुमां (अनगारिका) संघको साधारण सभा सम्पन्न गरिएको छ ।

सुमना गुरुमांले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा संघका उपाध्यक्ष अनुपमा गुरुमांले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । यसरी नै विभिन्न गुरुमांहरूले यस संघको विभिन्न इकाईको प्रग्रति प्रतिवेदन यसरी प्रस्तुत गर्नुभएको थियो –



*प्रव्रजित गुरुमांहरूको वार्षिक साधारण सभामा स्वागत मन्तव्य व्यक्त गर्नुहुने श्रद्धेय अनुपमा गुरुमां*

| क्र.सं. | गुरुमांको नाम | प्रगति विवरण |
|---|---|---|
| १ | सचिव, ञाणवती | आर्थिक प्रतिवेदन |
| २ | कोषाध्यक्ष, जवनवती | आर्थिक प्रतिवेदन |
| | युवा कमिटी प्रतिवेदन | |
| ३ | प्रशन्नवती | भिक्षाटन प्रतिवेदन |
| ४ | कुसलञाणी | प्रव्रज्या प्रतिवेदन |
| ५ | अग्गञाणी | छात्रवृत्ति प्रतिवेदन |
| ६ | पञ्ञावती | मृत्युसंस्कार प्रतिवेदन |
| ७ | धरणी | स्वास्थ्य प्रतिवेदन |
| ८ | विमलञाणी | प्रव्रजित नियम |






*वार्षिक प्रतिवेदन प्रस्तुती र सुझावहरू पेश गर्ने क्रममा श्रद्धेय प्रव्रजित गुरुमांहरू*






- ***अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा–खोज्दै । मेरो हरेक जन्म दुःखमय भएर बित्यो । हे गृह निर्माण गर्ने बुद्धि हो ! अब मैले तिमीलाई देखिसकेँ, फेरि तिमीले गृह बनाउन सक्ने छैनौ । घर बनाउनको लागि प्रयोग गरिने तिम्रा सरसामान सबै भाँचिदिएँ । घरको धुरी पनि खसालिसकेँ । मेरो चित्त अब संस्काररहित भई तृष्णाको विनाश भइसक्यो ।***
- ***प्रव्रजित भएर गर्नुपर्ने कामलाई दृढतापूर्वक गर । शिथिल स्वभाव हुने परिव्राजकले आफ्नो मनमा चित्तमल (क्लेश) झन बढाउँदै लाने गर्छ ।***

***– धम्मपद***

## बौद्ध परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण

*२०८२ भाद्र १४ गते, शनिवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

नेपाल बौद्ध परियत्ति शिक्षा परीक्षा केन्द्र धर्मकीर्ति विहारबाट बौद्ध परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई यसदिन पुरस्कार वितरण गरिएको छ ।

श्रद्धेय डा. धम्मवती गुरुमांको अध्यक्षतामा उपमेयर सुनिता डंगोलको प्रमुख अतिथित्वमा अरुण सिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा का.म.पा. शिक्षा अधिकारी लक्ष्मी अधिकारी, वित्त विभागका दीपक तुलाधर र नानीशोभा महर्जन लगायत प्रभात मा.वि.का प्रधानअध्यापक राजेश्वर श्रेष्ठ र दाता उपासक पञ्चवीरसिंह तुलाधर आदि अतिथिवर्गहरू उपस्थिति रहेको थियो ।

उपमेयर सुनिता डंगोलले दीप प्रज्वलन गरी उद्घाटन गरिएको उक्त कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांबाट पञ्चशील प्रार्थना गराउनु भई श्रद्धेय खेमावती गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम अगाडि बढाइएको थियो ।

उक्त कार्यक्रममा विद्यार्थीहरूको तर्फबाट आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने विद्यार्थीहरू यसरी हुनुहुन्थ्यो –

१) सुमी शाक्य – कक्षा १०
२) लक्ष्मी अधिकारी – कक्षा ३
३) रोयान महर्जन – कक्षा ३
४) प्रजीता ताम्राकार – कक्षा ९

**पुरस्कार वितरण –**

काठमाडौं महानगरपालिकाबाट प्राप्त चन्दा रकम लगायत श्रद्धेय धम्मवती गुरुमां र अन्य विभिन्न श्रद्धालु दाताहरूबाट प्राप्त चन्दा सहयोगबाट सञ्चालित यस पुरस्कार वितरण कार्यक्रममा यसदिन का.म.पा.का उपमेयर सुनिता डंगोल (प्रमुख अतिथि), श्रद्धेय धम्मवती गुरुमां, सुमनकमल तुलाधर, पञ्चवीरसिंह तुलाधर, काठमाडौं महानगरपालिकाका पदाधिकारीहरू (अतिथि), प्रभात माध्यमिक विद्यालयका प्रधानाध्यापक (अतिथि) र धर्मकीर्ति विहारका आवासिय गुरुमांहरूबाट उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गरियो ।

कार्यक्रममा प्रमुख अतिथि उपमेयर सुनिता डंगोलले परियत्ति शिक्षाको महत्व विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा श्रद्धेय केशावती गुरुमांले धन्यवाद ज्ञापन गर्नुभई श्रद्धेय जवनवती गुरुमांले पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो । कार्यक्रममा उपस्थित सबैलाई जलपानको व्यवस्था पनि मिलाइएको थियो ।

## दुःख दु



✍ **बाबुकृष्ण डंगोल**
खोना

दुःख दु छाय् न्ह्याक्व धन हे दया नं
प्रयत्न गुली गुली याना जुया नं
क्षणिक जक सुखं न्हिला च्वना
हाकन मिखा प्याई ख्वबी लुयानं

माला जुया सुख गनं लूइके मफु
छें बुं दयका गुली तिसा वस नं
लिना च्वन उली हे न्ह्याथाय वंसां
प्रयत्न गुली गुली याना जुया नं

धैथें नया अनेक सना जुया खँ थें
नोकर चाकर दु तर घाः अथे हे
दयाँ छुयाय गुलीखे मजू सुख नं
प्रयत्न गुलि गुलि याना जुया नं

धैथें च्वंपीं मनूत दुथाय तक नं
सम्पति गुली दु ल्याखाय मफु दाँ
अयन मवं ल्वय् बाजँ पुया नं
प्रयत्न गुली गुली याना जुया नं

लोभ दु जिके न्ह्याक्व मुना कया नं
थिर मजू नुग व नुग थःगु हे जुया नं
थ्व धर्तीई जक मखु च्वय सर्गय् नं
प्रयत्न गुली गुली याना जुया नं

## धम्मवती गुरुमां प्रति शुभकामना !



ललितपत्तनमा जन्मिएकी नेपालकी ज्योति गुरुमां
बौद्ध जगतमा प्रख्यात हुनु भो धम्मवती गुरुमां
सासनधज धम्माचरिय हुनु भएकी गुरुमां
अग्गमहागन्थवाचक पण्डित हुन् गुरुमां

शाक्य कुलमा जन्मिएकी बुद्धघोषको उपदेश सुनी
धम्मावुधको पछि पछि लागि बर्मामा धर्म अध्ययन गरी
बुद्ध धर्मको शिक्षा लिएर धम्माचरिय हुनु भएकी
जन्मभूमिमै फर्किएकी श्रद्धेय गुरुमां धन्य महान

धर्मकीर्ति स्थापना गरी सुभाष वचनले उपदेश दिई
अध्ययन गोष्ठी स्थापना गरी धेरै धर्म पुस्तक निकाली
नारी जगतमा जागृति ल्याई बुद्ध धर्मको झण्डा फहराई
नेपाल आमाकी स्नेही छोरी श्रद्धेय गुरुमां धन्य महान

लुम्बिनी क्षेत्रमा चम्किलो तारा भई गौतमी विहार स्थापना गरी
गुरुमां संघमा अग्र हुनु भई हामी सबैको अति नै प्यारी
निरोगी स्वस्थ दीर्घायु भई सधैं सधैं जीवित हुनु होस्
जन्मोत्सवको शुभ दिनमा सार्थक होस् शुभकामना ।

*लेखक- **धर्मरत्न शाक्य** 'त्रिशुली'*
*संगीत- **पन्नाकाजी शाक्य***
*नेपाली अनुवादिका- **प्रेमलक्ष्मी तुलाधर***

☆ 'त्रिरत्न' भन्नाले बुद्ध, धर्म र संघ बुझिन्छ । बुद्ध, धर्म र संघको शरण जानु नै त्रिशरण वा त्रिरत्न शरण जानु हो । *( साभार- बौद्ध दर्पण )*

### धर्मकीर्ति पत्रिकायात चन्दा सहयोग

दिवंगत बुद्धघोष भन्ते व दिवंगत ज्ञानपूर्णिक भन्तेप्रति गुणानुस्मरण यासे धर्मकीर्ति पत्रिकायात चन्दा सहयोग रु. १,५००/-

- नाति उपासक पूच्व, यल




**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4228625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।

मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# गुँला पर्व एक महिनामा बुद्ध पूजा र धर्मदेशना गर्नुहुने प्रव्रजित गुरुमांहरूको नामावली

*स्थान- धम्महल, धर्मकीर्ति विहार*

| | २०८२ श्रावण/भाद्र | बुद्धपूजा गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू |
|---|---|---|---|
| १ | श्रावण ९ गते शुक्रबार, पारु | त्यागवती | धम्मवती |
| २ | श्रावण १० गते शनिबार, द्वितीया | पञ्ञावती | पञ्ञावती |
| ३ | श्रावण ११ गते आइतबार, तृतीया | जवनवती | जवनवती |
| ४ | श्रावण १२ गते सोमबार, चतुर्थी | केशावती | केशावती |
| ५ | श्रावण १३ गते मंगलबार, पञ्चमी | दानवती | दानवती |
| ६ | श्रावण १४ गते बुधबार, षष्ठी | खेमावती | खेमावती |
| ७ | श्रावण १५ गते बिहिबार, सप्तमी | त्यागवती | त्यागवती |
| ८ | श्रावण १६ गते शुक्रबार, अष्टमी | मेत्तावती | मेत्तावती |
| ९ | श्रावण १७ गते शनिबार, अष्टमी | ईन्दावती | ईन्दावती |
| १० | श्रावण १८ गते आइतबार, नवमी | वीर्यवती | वीर्यवती |
| ११ | श्रावण १९ गते सोमबार, दशमी | शुभवती | शुभवती |
| १२ | श्रावण २० गते मंगलबार, एकादशी | अमता | अमता |
| १३ | श्रावण २१ गते बुधबार, द्वादशी | केशावती | केशावती |
| १४ | श्रावण २२ गते बिहिबार, त्रयोदशी | सुवण्णवती | सुवण्णवती |
| १५ | श्रावण २३ गते शुक्रबार, चतुर्दशी | क्षान्तिवती | क्षान्तिवती |
| १६ | श्रावण २४ गते शनिबार, गुंपुन्हि | केशावती | केशावती |
| १७ | श्रावण २५ गते आतबार, पारु | पञ्ञावती | पञ्ञावती |
| १८ | श्रावण २६ गते सोमबार, द्वितीया | जवनवती | जवनवती |
| १९ | श्रावण २७ गते मंगलबार, तृतीया | वण्णवती | वण्णवती |
| २० | श्रावण २८ गते बुधबार, चतुर्थी | खेमावती | खेमावती |
| २१ | श्रावण २९ गते बिहिबार, पञ्चम, पष्ठी | दानवती | दानवती |
| २२ | श्रावण ३० गते शुक्रबार, सप्तमी | त्यागवती | त्यागवती |
| २३ | श्रावण ३१ गते शनिबार, अष्टमी | मेत्तावती | मेत्तावती |
| २४ | भाद्र १ गते आइतबार, संक्रान्ति, नवमी | इन्दावती | इन्दावती |
| २५ | भाद्र २ गते सोमबार, दशमी | वीर्यवती | वीर्यवती |
| २६ | भाद्र ३ गते मंगलबार, एकादशी | शुभवती | शुभवती |
| २७ | भाद्र ४ गते बुधबार, द्वादशी | अमता | अमता |
| २८ | भाद्र ५ गते बिहिबार, त्रयोदशी | वण्णवती | वण्णवती |
| २९ | भाद्र ६ गते शुक्रबार, चतुर्दशी | सुवण्णवती | सुवण्णवती |
| ३० | भाद्र ७ गते शनिबार, औंशी | जवनवती | धम्मवती |
| ३१ | भाद्र ८ गते आइतबार, पारु | जवनवती | धम्मवती |

# ३५ औं अमृतानन्द गुणानुस्मरण




*३५ औं अमृतानन्द गुणानुस्मरण कार्यक्रमको एक झलक*

*२०८२ भाद्र ५ गते*

*स्थान- आनन्दकुटी विहार, स्वयम्भू*

यसदिन आनन्दकुटी विहार प्रमुख भिक्षु मैत्री महास्थविरको अध्यक्षतामा ३५ औं अमृतानन्द गुणानुस्मरण कार्यक्रम सम्पन्न भएको छ ।

वि.सं. २०४७ साल भाद्र ५ गते देहावसान हुनुभएका श्रद्धेय अमृतानन्द महास्थविर भन्तेले आफ्नो जीवनकालमा बुद्ध शासन चिरस्थायी कार्यको लागि अतुलनिय योगदान दिनुभएको विषयमा विभिन्न ऐतिहासिक घटनाहरू पनि उल्लेख भएको यस कार्यक्रममा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

१) भिक्षु कौण्डञ्ञ
२) भिक्षु धर्ममूर्ति (आ.कु.वि.का कार्यवाहक प्रमुख)
३) श्रीलंका राजदूतावासका प्रतिनिधि
४) भिक्षु मैत्री (आ.कु.वि.का प्रमुख) आदि ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

(४) भिक्षु संघको स्थापना भारतस्थित सारनाथमा ई.पू. ५२८ मा धर्म चत्र प्रवर्तन (=प्रथम उपदेश) पछि भएको थियो ।

(५) बुद्ध धर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ। **त्रिपिटक** भन्नाले सुत्र पिटक, विनय पिटक र अभिधर्म पिटक बुझिन्छ ।

(६) **सुत्र पिटक**मा बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटक**मा भिक्षु र भिक्षुणीहरूको लागि विनय (नियम) संकलन गरिएका छन् । **अभिधर्म पिटक**मा दर्शनका कुराहरू समावेश गरिएका छन् ।

*( साभार- बौद्ध दर्पण )*

## न्हिच्छि यंकं अभिधर्म पाठ

*श्रावण ३० गते, शुक्रबार, कृष्ण जन्माष्टमी*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

उपासिका अष्टमाया महर्जनया जन्मदिंया उपलक्ष्ये प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंकं अभिधर्म पाठ जूगु दु ।

श्रद्धेय धम्मवती गुरुमांनं पञ्चशील प्रार्थना याकाबिज्यास्य अभिधर्मया महत्व विषये धर्मदेशना याना बिज्याःगु उगु ज्याभ्वले दाता अष्टमाया सपरिवार पाखें ज्याभ्वले निमन्त्रित श्रद्धेय गुरुमांपिं व वय्कःया थःथिति पासाभाईपिन्त जलपान व भोजन प्रायोजन यानादीगु खः । अथेहे निमन्त्रित गुरुमांपिन्त दान-प्रदान यानाः पुण्य सञ्चय यानादीगु खः ।

महापरित्राण पाठ क्वचायकाः दातापरिवारया पितृजनपिनि पुण्यस्मृतिस पुण्यानुमोदन यासे ज्याभ्वः क्वचायकूगु खः । ज्याभ्वले श्रद्धेय वीर्यवती गुरुमांनं धर्मदेशना यानाबिज्याःगु खः ।

**अधिधर्म पाठ ज्याभ्वः तालिका :–**

| क्र.सं. | पाठ | पाठ यानाबिज्याःपिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | सुजाता, केशावती |
| २ | विभङ्ग | अनुपमा, खेमावती |
| ३ | धातुकथा | पञ्ञावती, त्यागवती, इन्दावती |
| ४ | पुग्गलपञ्ञती | सुमना, उपनन्द |
| ५ | कथावत्थु | दानवती, मेत्तावती |
| ६ | यमक | सुनन्दावती, वीर्यवती |
| ७ | पट्ठान | जवनवती, करुणावती, कुशलवती |



**( कभर पछाडि पृष्ठको फोटो परिचय )**

## धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रबाट परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार प्रदान

१) परियत्ति परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्यक्रममा सहभागीहरूलाई पञ्चशील प्रार्थना गराउनुहुँदै श्रद्धेय धम्मवती गुरुमां
२) कार्यक्रम सञ्चालन गर्नुहुँदै उपासक अरुण सिद्धि तुलाधर
३) स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय खेमावती गुरुमां
४) आय-व्यय विवरण प्रस्तुत गर्नुहुँदै सह-कोषाध्यक्ष उद्योगरत्न तुलाधर
५) कोविद (दश) कक्षा उतीर्ण हुन सफल विद्यार्थी सुमी शाक्य आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै
६) प्रमुख अतिथि उप-मेयर सुनीता डंगोललाई बुद्ध प्रतिमा उपहार प्रदान गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां
७) मन्तव्य व्यक्त गर्नुहुँदै उपमेयर सुनीता डंगोल
८) का.म.पा.बाट सहभागी हुनुभएका अतिथिहरूलाई उपहार प्रदान गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां
९-१०) उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्ने क्रममा प्रमुख अतिथि सुनिता डंगोल
११) धन्यवाद ज्ञापन गर्नुहुँदै श्रद्धेय केशावती गुरुमां
१२) कार्यक्रममा सहभागी अन्य अतिथि वर्ग

# २०८२ भाद्र १० गते धर्मकीर्ति ततापुचःको आयोजनामा सञ्चालित महापरित्राण पाठको एक झलक



महापरित्राण पाठ गर्नु अगाडि पञ्चशील प्रार्थना गराउनुहुँदै श्रद्धेय डा. धम्मवती गुरुमां



सरणागमण-मेत्तसुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा र जवनवती



खन्ध सुत्त-धजग्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू वीर्यवती र क्षान्तिवती



महाकस्सपत्थेर-महाचुन्दत्थेर बोज्झङ्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू त्यागवती, नन्दावती र ईन्दावती



गिरिमानन्द सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुजाता र ञाणवती



धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र करुणावती



महासमय सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुमना र उपनन्द



आलवक सुत्त कसिभारद्वाज सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र अमता



पराभव सुत्त- कसिभारद्वज सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुनन्दावती, वजिरा र प्रीतिवती



सच्चविभङ्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र खेमावती



आटानाटिय सुत्त (क) पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू दानवती र मेत्तावती



आटानाटिय सुत्त (ख) पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पुण्यवती, करुणावती, ध्यानवती र सुवण्णवती

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८१/०८२)

# धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रबाट परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार प्रदान




मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com